का.जि.प्र.का.द.नं. १००/०५२/६०
२० कात्तिक २०८३
शुक्रबार
6 November 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २८० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



कभर स्टोरी

सरकारमा बेमेल

न सल्लाह, न समन्वय मन्त्री-मन्त्रीबीचै मतभेद

दिवाकर अधिकारी/*मध्यान्ह*

कहिले विद्युत्को भ्याट हटाउने कि नहटाउने भन्नेमा ऊर्जा र अर्थमन्त्री आमनेसामने भएका छन्, कहिले बालश्रमको उमेर कति राख्ने भन्नेमा दुई मन्त्रीका धारणा बाझिएका छन् । कतै प्रधानमन्त्रीले मन्त्रीलाई नसोधी निर्णय अघि बढाएकोमा मन्त्रीहरूको असन्तुष्टि छ, कतै मन्त्रीको निर्णय प्रधानमन्त्रीले रोकिदिएका छन् । प्रधानमन्त्री-मन्त्री, मन्त्री-मन्त्रीबीच भएका यस्ता शृंखलाबद्ध मतभेदले सरकारभित्रै रहेका बेमेल देखाइदिएको छ। सरकारभित्र फरक मत हुनु आफैंमा अस्वाभाविक होइन । मन्त्रिपरिषद् नीतिगत बहस हुने ठाउँ पनि हो । तर निर्णयअघि सम्बन्धित मन्त्रालयबीच समन्वय नहुने, एउटा मन्त्रालयको निर्णय अर्को निकायबाट उल्टिने प्रवृत्ति देखिन्छ । यसले सरकार सञ्चालन र समन्वयबीचको खाडल उजागर गरिदिएको छ ।

१७ माघ २०८२ मा सुर्खेतमा आयोजित चुनावी आमसभालाई सम्बोधन गर्दै बालेन्द्र शाह (बालेन)ले भनेका थिए, 'गोजीमा पैसा नहुनेले पनि उपचार पाउनुपर्छ, यही हो हाम्रो एजेन्डा ।'

काठमाडौं महानगरपालिकाको मेयरबाट राजीनामा दिएर राष्ट्रिय स्वतन्त्र पार्टीमा जोडिएर प्रधानमन्त्रीको भावी उम्मेदवारका रूपमा प्रस्तुत थिए । त्यसक्रममा चुनावी आमसभालाई सम्बोधन गर्दै बालेनले जनताको पक्षमा काम गर्ने गरी सरकार बनाउने वाचा गरेका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पनि सरकार कस्तो हुन्छ भनेर देखाउने गरी काम गर्ने वाचा गरेका थिए । चितवन निर्वाचन क्षेत्र नम्बर २ स्थित इच्छाकामना गाउँपालिकामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उनले भनेका थिए, 'हामीलाई मात्र १०० दिन १३ वटा मन्त्रालय दिनुस्, सरकार कसरी चलाउनुपर्छ हामी देखाउँछौं ।'

म्युजिकल चियरझैं पछिल्लो दशकमा तीन/चारजना नेता पालैपालो प्रधानमन्त्री हुने पुराना दलहरूको प्रवृत्ति र अस्थिर राजनीतिबाट वाक्क जनताले रवि-बालेनको गठनबन्धन र चुनावी वाचा पत्याए । २१ फागुन २०८२ को प्रतिनिधिसभाको निर्वाचनमार्फत नागरिकले रास्वपालाई दुई सिट कम दुईतिहाइ बहुमत दिए ।

१३ चैत २०८२ मा बालेन प्रधानमन्त्री बने । मन्त्रालयको संख्या घटाउने चुनावी वाचाअनुसार बालेनले मन्त्रालयको संख्या १८ मा सीमित गरेका छन् । सुशासनको वाचाअन्तर्गत अन्य पृष्ठ २ मा

गृहमन्त्रीले पत्तो नपाई हटे आइजिपी

प्रधानमन्त्री बालेनसँग निकट रहेका गृहमन्त्री सुधन गुरुङसँग पनि पर्याप्त समन्वय नभएको पाइएको छ । गृहमन्त्रालयको खटनपटनमा आफूलाई क्रस गरेर प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेन सक्रिय हुने गरेको गुरुङलाई मन परेको थिएन् । उनी आईजिपी दानबहादुर कार्की हटाउने पक्षमा थिएनन् । मंगलबारको मन्त्रिपरिषद् बैठकमा यसबारे कुनै चर्चासम्म भएको थिएन् । सरकारका प्रवक्ता सस्मित पोखरेलले आईजिपी हटाउने चर्चाको खण्डन गरेका थिए । तर, बुधबार अकस्मिक बैठक डाकेर प्रधानमन्त्री शाहले जिम्मेवारी हेरफेरको निर्णय गरिएको सुनाएका थिए । लगत्तै मनोज केसीलाई आईजिपी नियुक्तिको प्रस्ताव पृष्ठ २ मा

विद्युत्को भ्याटमा अर्थ-ऊर्जा आमनेसामने

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेबीच विद्युत् महसुलमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउने विषयमा मतभेद छ ।

चालु आर्थिक वर्ष २०८३/८४ को बजेटबाट साउन १ देखि विद्युत् महसुलमा भ्याट लगाउने व्यवस्था कार्यान्वयनमा आयो । विद्युत्मा कर लगाउने निर्णयको विरोध भएपछि ऊर्जामन्त्री श्रेष्ठले भ्याट हटाउनुपर्ने पक्षमा धारणा राखे । अर्थमन्त्री वाग्ले पृष्ठ २ मा

बिचौलियाको बयानले ल्याएको परकम्प

बिचौलिया इनम सापकोटा पक्राउपछि उनको बयान भनेर सार्वजनिक भएको अडियोले राज्यका कार्यपालिका, न्यायपालिकासहित सबै अंग तरंगित छन् । राजनीतिक नेतृत्व र व्यावसायिक क्षेत्रसमेत विवादमा मुछिएका छन् । तर अनुसन्धानका क्रममा हिरासतमा रहेका आरोपितसँग प्रहरीले लिएको बयान कसरी बाहिरियो ?

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १९ कात्तिक

नयाँ सत्ता आएपछिका नयाँ बिचौलिया, झापाको दमक स्थायी घर भएका ३१ वर्षीय इनम सापकोटा । उनको पक्राउ पछि एकाएक सनसनीपूर्ण सन्देश प्रवाह भयो ।

उनको बयान भनिएको एउटा भिडियो सामग्रीले देशमा सनसनी छाएको हो । उक्त भिडियोको आधिकारिकता जाँचभन्दा पनि राज्यदेखि नागरिकतहसम्म भिडियोमा सुनिएका कुराहरूको पक्ष र विपक्षमा विभाजित छन् । प्रहरीको हिरासतमा अनुसन्धानका क्रममा रहेका विवादित बिचौलिया सापकोटाको बयान भनेर सार्वजनिक भएको अडियोको पछाडि प्रहरी प्रशासनको कमजोरी देखिन्छ ।

अनुसन्धानका क्रममा हिरासतमा रहेका आरोपितसँग प्रहरीले लिएको बयान कसरी बाहिरियो ? वा उक्त बयान फेक हो ? यसको निरूपण राज्यका निकायले गर्नुपर्ने अपराध पृष्ठ २ मा







रोनाल्डोले लिए सन्न्यास

सन् २००३ मा पोर्चुगलको राष्ट्रिय टोलीबाट डेब्यु गरेका रोनाल्डोले अन्तर्राष्ट्रिय करियरमा २३४ खेल खेल्दै १४६ गोल गरेका छन् ।

काठमाडौं/मस- पोर्चुगलका स्टार फुटबलर क्रिस्टियानो रोनाल्डोले अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास लिने घोषणा गरेका छन् । ४१ वर्षीय रोनाल्डोले सामाजिक सञ्जालमार्फत राष्ट्रिय टोलीबाट आफ्नो २३ वर्ष लामो यात्रा अन्त्य गर्ने निर्णय सार्वजनिक गरेका हुन् ।

सन् २००३ मा पोर्चुगलको राष्ट्रिय टोलीबाट डेब्यु गरेका रोनाल्डोले आफ्नो अन्तर्राष्ट्रिय करियरमा पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

मलेसियाले विदेशी २० र स्थानीय ८० प्रतिशत श्रमिकको नीति लिने

मध्यान्ह संवाददाता
क्वालालम्पुर, १९ कात्तिक

मलेसियाले विदेशी श्रमिकमाथिको निर्भरता कम गर्ने अभियानलाई तीव्रता दिने बताएको छ । मलेसियामा हाल २६ लाख विदेशी कामदार छन् । त्यसमध्ये नेपालीको संख्या ४ लाखको हाराहारीमा छ ।

मलेसियाका लगानी, व्यापार तथा उद्योगमन्त्री दातुक सेरी जोहारी अब्दुल गनीले उत्पादन क्षेत्रमा विदेशी श्रमिकको संख्या घटाइने र 'थ्री डी' भनिने जोखिमपूर्ण काममा मात्र विदेशी श्रमिक भर्ना गर्न अनुमति दिइने बताएका छन् । स्थानीय प्राविधिक तथा व्यावसायिक शिक्षाको तालिम लिएका ४ लाखभन्दा बढी टिभिइटी विद्यार्थी र स्नातक उत्पादन भइरहेको भन्दै उनले विदेशी श्रमिकलाई जोखिमपूर्ण, कठिन र स्थानीयले फोहोरी मान्ने कामका लागि मात्र अनुमति दिइने संसदीय पृष्ठ २ मा

मलेसियामा अध्यागमनको कारवाही तीव्र

३ हजार ४१० अवैध आप्रवासी पक्राउ

तिलोचन गौतम/मध्यान्ह
क्वालालम्पुर, १९ कात्तिक

मलेसियाको अध्यागमन विभागले देशभर अवैध आप्रवासीविरुद्धको कारवाहीलाई थप तीव्र बनाएको छ । विभागले अक्टोबर १९ देखि ३० सम्म सञ्चालन गरेका विभिन्न ५५३ वटा अपरेसनका क्रममा ५ हजार ७०५ पृष्ठ २ मा

सरकारमा...

कामसमेत सरकारले गरेको छ। तर, रास्वपा सभापति लामिछानेले भनेजस्तो १०० दिन दिनुस्, सरकार कसरी चलाउनुपर्छ हामी देखाउँछौं भनेर गरेको वाचा केलाउँदा भने फरक दृश्य देखिन थालेको छ । सरकार बनेपछि मन्त्रीहरू एउटै टेबलमा बसेर एउटै नीति बनाउँछन् भन्ने स्वाभाविक अपेक्षा हुन्छ । रास्वपा सरकारसँग पनि यस्तै अपेक्षा नागरिकले राखेका थिए र छन् । तर बालेन नेतृत्वको सरकारमा कतिपय निर्णयमा मन्त्रीहरूकै कुरा मिलेको देखिँदैन । कुनै विषयमा मन्त्रीहरू फरक धारणा राखिरहेका छन् भने कुनै निर्णयमा प्रधानमन्त्री र मन्त्रीबीच नै टसल देखिन्छ।

सुनकोशी–मरिण ठेक्कामा के भयो ?

प्रधानमन्त्री र सम्बन्धितमन्त्रीबीच देखिएको टसलको पछिल्लो उदाहरण हो, सुनकोशी-मरिण आयोजनाको ठेक्का रद्दको निर्णय। यही कातिक १४ गते आयोजनाको नयाँ ठेक्का प्रक्रिया रद्द गर्ने सूचना जारी भयो । तर त्यसअघि नै प्रधानमन्त्री कार्यालयले ऊर्जा मन्त्रालयलाई जानकारी नदिई ठेक्का प्रक्रियामा चासो राखेको र ऊर्जामन्त्री विराजभक्त श्रेष्ठलाई 'बाइपास' गरेको आरोप सार्वजनिक भएको छ । जतिबेला ठेक्का प्रक्रिया रद्दको निर्णय भयो त्यतिबेला ऊर्जामन्त्री श्रेष्ठ थाइल्यान्डमा थिए। ऊर्जामन्त्री विदेश रहेका बेला सिँचाइ विभागका महानिर्देशक दिनेश रजौरिया र आयोजना प्रमुख कृष्णप्रसाद रिजाललाई प्रहरीले नियन्त्रणमा लिएर प्रधानमन्त्री कार्यालय पुऱ्याएको थियो । ठेक्का रद्द गर्न सहमत भएपछि मात्रै उनीहरूलाई छाडिएको थियो ।

प्रधानमन्त्री कार्यालयकी प्रवक्ता दीपा दाहालले अधिकारीहरूलाई नियन्त्रणमा लिएको र ठेक्का रद्द गर्न दबाब दिएको दुवै दाबी अस्वीकार गरेकी छन्। तर, तथ्यहरूले दुई अधिकारीहरूलाई प्रहरीले नियन्त्रणमा लिएर काठमाडौं ल्यायो । अर्को दिनभर प्रधानमन्त्री कार्यालयमा राखेर केरकार र धम्क्याइयो । अन्ततः उनीहरूलाई ठेक्का रद्द गर्न राजी बनाइयो र गोरखापत्रमा त्यससम्बन्धी सूचना पठाएपछि बल्ल छाडियो ।

बालश्रमको उमेरमा मन्त्रीहरू विभाजित

बालबालिकालाई काममा लगाउन पाउने न्यूनतम उमेर कति राख्ने भन्ने विषयमा कानुनमन्त्री सोविता गौतम र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादीबीच फरक धारणा छ । सरकारले ल्याएको बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक, २०८३ मा १३ वर्ष पूरा भएका बालबालिकालाई निश्चित सर्तमा हलुका काममा लगाउन सकिने व्यवस्था छ । विधेयकको दफा ३ मा १५ वर्ष नपुगेका बालबालिकालाई सामान्यतया काममा लगाउन नपाइने, तर १३ वर्ष पूरा भएकालाई अभिभावक र बालबालिकाकै सहमतिमा तोकिएका हलुका काममा लगाउन सकिने उल्लेख छ । कानुनमन्त्री गौतमको धारणा निश्चित सर्त र सीमाभित्र बालबालिकालाई अंशकालीन कामको अवसर खुला राख्नुपर्छ भन्ने छ। विद्यालय समयअघि, पछि वा बिदाको समयमा काम गर्न पाउने व्यवस्था व्यावहारिक हुन सक्ने उनको तर्क छ। तर, मन्त्री बादी बालश्रमको सम्भावित दुरुपयोग रोक्न कडा नियमन र संरक्षणको पक्षमा छिन् । विशेषगरी गरिब तथा सीमान्तकृत परिवारका बालबालिका श्रम शोषणमा पर्न सक्ने भएकाले उमेर घटाउनेभन्दा शिक्षा, सामाजिक सुरक्षा, छात्रवृत्ति र स्थानीय तहको निगरानी बलियो बनाउनुपर्ने उनको जोड छ। विधेयकमा १३ देखि १५ वर्षमुनिका बालबालिकालाई दैनिक दुई घण्टा र साप्ताहिक १२ घण्टाभन्दा बढी हलुका काममा लगाउन नपाइने प्रस्ताव छ । साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म काममा लगाउन पाइने छैन । लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम र हप्तामा एक दिन सार्वजनिक बिदा दिनुपर्ने व्यवस्था पनि छ। यो विधेयक हाल संसदीय समितिमा दफावार छलफलमा छ। मन्त्रीहरूबीचको फरक धारणा आएपछि सांसदहरू सरकारको आधिकारिक धारणा के हो भनेर सोधिरहेका छन् ।

समता शुल्कमा पिएमको हस्तक्षेप

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले चालू आर्थिक वर्षको बजेटमार्फत निजी विद्यालय, कलेज र अस्पतालले सेवाग्राहीबाट लिने शुल्कमा तीन प्रतिशत शिक्षा तथा स्वास्थ्य समता शुल्क लगाएका थिए । निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट लिने सबै प्रकारका शुल्क र स्वास्थ्य संस्थाले बिरामीबाट लिने सेवा शुल्कमा यो कर लगाइयो ।

यसबारे संसद्मै प्रश्न उठेको थियो। जवाफमा अर्थमन्त्री वाग्लेले यसलाई सामाजिक न्याय र स्रोत पुनर्वितरणसँग जोडेर व्याख्या गरेका थिए । बढी शुल्क तिर्न सक्नेबाट योगदान लिएर सार्वजनिक शिक्षा र स्वास्थ्य प्रणाली सुदृढ गर्ने उद्देश्य रहेको उनको तर्क थियो। संसद्ले बहुमतले बजेट पारित गऱ्यो । तर यो व्यवस्थाउपर निजी विद्यालय, अस्पताल सञ्चालक, अभिभावक र बिरामीका तर्फबाट विरोध भयो। एक लाख रुपैयाँको उपचारमा तीन हजार रुपैयाँ थप भार पर्ने भन्दै निजी अस्पताल सञ्चालकहरूले असन्तुष्टि जनाए ।

गृहलाई नसोधी गुप्तचर पुग्यो पिएम मातहत

राष्ट्रिय अनुसन्धान विभाग देशको प्रमुख गुप्तचर निकाय हो । यसलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत लगिएको छ । यो विषयमा प्रधानमन्त्री बालेन शाह र गृहमन्त्री सुधन गुरुङबीच कुनै समझदारी भएको विषय कहिल्यै सार्वजनिक भएन । यसअघि पनि यो प्रधानमन्त्री कार्यालय मातहत रहेको थियो । पछि गृह मन्त्रालय मातहत ल्याइएको थियो। प्रधानमन्त्री शाहले पुनः प्रधानमन्त्री कार्यालय मातहत ल्याउने प्रक्रिया अघि बढाएपछि गृहमन्त्री गुरुङ असन्तुष्ट बनेका थिए ।

आन्तरिक शान्ति, सुरक्षा र व्यवस्थापनको जिम्मेवारी गृह मन्त्रालयको भएकाले गुप्तचर निकायलाई गृहबाट अलग गर्दा सूचना संकलन र सुरक्षा व्यवस्थापनमा असर पर्न सक्ने गृहमन्त्रीको बुझाइ रहेको भनेर विज्ञहरूले समेत सरकारलाई निर्णय गर्दा ख्याल गर्न सुझाएका थिए। तर प्रधानमन्त्री कार्यालय मातहत अनुसन्धान विभाग राख्नुपर्ने पक्षमा कानुनमन्त्री सोविता गौतमले सार्वजनिक रूपमा धारणा राखिन् । राष्ट्रिय सभामा प्रधानमन्त्रीका तर्फबाट जवाफ दिँदै उनले कानुनी र व्यावहारिक कारणले विभाग प्रधानमन्त्री कार्यालय मातहत रहनुपर्ने बताइन् ।

यससम्बन्धी सरकारले विधेयक ल्यायो । संघीय संसद्बाट पारित भयो। राष्ट्रपतिकहाँ पुगेर १६ भदौ २०८३ सालमा प्रमाणीकरण भयो । यसअनुसार हाल गुप्तचर प्रधानमन्त्री कार्यालय मातहत सक्रिय छ ।

गृहमन्त्रीले...

गरे र निर्णय गराए । आफूसँग कुनै परामर्श नगरी भएको यो निर्णय गृहमन्त्री गुरुङलाई चित्त बुझेको थिएन् । तर, उनले कुनै टिप्पणी गरेनन्। बुधबार साँझ नवनियुक्त आईजिपी केसीलाई दर्ज्यानी चिह्न लगाउँदासमेत गुरुङको अनुहार मलिन देखिन्थ्यो।

अन्तरमन्त्रालय समन्वय अभाव, प्रधानमन्त्री शाह र उनको सचिवालयको ठाडो निर्देशन र कर्मचारीतन्त्रको तेजोबधले सिंहदरबारमा काम गर्ने वातावरण धमिलिएको एक सचिव गुनासो गर्छन् । 'हरेक दिन काण्ड भइरहेका छन्' उनले भने, 'साह्रै उकुसमुकुस छ ।'

विद्युत्को...

भने सरकारले लिएको कर नीतिबाट पछि हट्न नहुने पक्षमा छन् ।

५ असोज २०८३ मा ऊर्जा मन्त्रालय स्रोतलाई उद्धृत गर्दै ऊर्जा र अर्थमन्त्रीबीच विद्युत्मा लगाइएको भ्याट हटाउने विषयमा सैद्धान्तिक सहमति भएको समाचार सार्वजनिक भए । त्यसको भोलिपल्टै अर्थमन्त्री वाग्लेको सचिवालयले विज्ञप्ति जारी निकालेर त्यस्तो कुनै सहमति नभएको बतायो । अर्थमन्त्रीको सचिवालयले अर्थमन्त्री वाग्लेले भ्याटबारे छलफल गर्न ऊर्जामन्त्रीसँग भेटघाट नै नगरेको दाबी गऱ्यो । यसले दुई मन्त्रालयबीच सहमति भएको भनिएको विषयमै सार्वजनिक अन्योल सिर्जना गऱ्यो। २८ असोज २०८३ मा फेरि ऊर्जामन्त्री श्रेष्ठले पत्रकार सम्मेलनमा अब बस्ने मन्त्रिपरिषद् बैठकबाट भ्याट हटाउने निर्णय हुने बताए । उनले तीन साताअघि नै दुई मन्त्रीबीच सहमति भएको दाबी दोहोऱ्याए । हालसम्म अर्थमन्त्री वाग्ले र ऊर्जामन्त्री श्रेष्ठबीचको टसल मिलिसकको छैन । यसबारे सरकारले कुनै औपचारिक निर्णय पनि गरेको छैन ।

कार्यपालिका...

अनुसन्धानविज्ञहरू बताउँछन् । सरकारी वकिलको रोहबरमा लिखित बयान हुने र उक्त बयान कुनै पनि ढंगबाट बाहिरिन नसक्ने कानुनविद्हरूको समेत दाबी छ । 'प्रहरीले लिएको बयान बाहिर आउने कुनै सम्भावना हुँदैन,' नेपाल प्रहरीका पूर्वडिआइजी रमेश खरेलले भने, 'अनुसन्धानका क्रममा आरोपीसँग बयान लिँदा सरकारी वकिलकै रोहबरमा लिइन्छ, त्यो आवश्यकताअनुसार अडियो गरिए पनि पूर्ण रूपमा लिखित बयान हुन्छ । त्यो सार्वजनिक गर्ने कुरा जो-कोहीले सक्दैन र मिल्दा पनि मिल्दैन ।' यदि प्रहरीबाट त्यस्तो भएको हो भने त्यस्ता प्रहरीलाई ठाउँको ठाउँ कारबाही हुनुपर्ने उनको दाबी छ । इनमको बयान भनिएको अडियो र भिडियोले ल्याएको तरंगपछि प्रहरीको अनुसन्धान प्रक्रियामाथि समेत प्रश्न उठेका छन् ।

तर नेपाल प्रहरीले उनको बयान लिइ नसकेको बताएको छ । 'बिचौलिया इनममाथि आवश्यक अनुसन्धान भइरहेको छ,' जिल्ला प्रहरी परिसर काठमाडौंका एक प्रहरी अधिकृतले भने, 'तर बयानको अन्तिम चरणमा पुगेको अवस्था छैन । उनको अनुसन्धान एउटा विषय वा कुनै एक व्यक्तिसँग जोडिएको हिसाबले मात्रै लिएन निष्कर्षमा पुगिहाल्ने अवस्था छैन ।' उनको बयानका विषयमा ती प्रहरी अधिकृत भन्छन्, 'अनुसन्धानकै क्रममा रहेकाले अहिले हामीले हो वा होइन भन्नै मिल्दैन ।'

मध्यरातमा पूर्वप्रधानन्यायाधीशलाई निवासबाट 'उठाएर' प्रहरी कार्यालय लगिएको घटनाबाट सुरु भएको इनम प्रकरणले अहिले नेपालका सार्वजनिक संस्थाहरूको विश्वसनीयता र स्वायत्तताको परीक्षामा परिणत हुन पुगेको छ। प्रधानमन्त्रीको सचिवालयदेखि सर्वोच्च अदालतसम्म पहुँच बनाएको आरोप लागेका सापकोटाको पक्राउपछि न्यायपालिका, प्रहरी प्रशासन, सुरक्षा निकाय, राजनीतिक नेतृत्वदेखि व्यवसायिक क्षेत्रसमेत विवादमा तानिएका छन् । सोही प्रकरणसँग जोडेर प्रधानन्यायधीश र न्यायधीशहरूमाथि महाभियोग लगाउने विषयमा सत्तारूढ दलहरूभित्रै व्यापक बहस भएको छ । यसैसँग जोडिएर सरकारले नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीलाई पदमुक्त गरेर र नयाँ मनोज केसीलाई आइजिपी बनायो। सर्वोच्च अदालतका न्यायधीशहरू थर्कमान छन्। बिहीबार दिनभरजसो प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगनकुमार थापामाथि धडपकड हुने र उनको निवास तथा कार्यालयमा सादा पोसाकका प्रहरी परिचालन भएको हल्लाले तरंग ल्यायो ।

इनमको बयान भनिएको अडियोमा पूर्वप्रधानन्यायधीश चोलेन्द्र शमशेर जबरासँग जोडेर सभापति थापाले कांग्रेसको विवादको समयमा आफ्नो पक्षमा आधिकारीकता ल्याउन १८ करोड डिल भएको भन्ने अपुष्ट सन्देश जोडिएको छ । पूर्वप्रधानन्यायाधीशको मध्यरातको नियन्त्रणदेखि बहालवाला प्रधानन्यायाधीशमाथि प्रश्न, एआइजीको पदमुक्ति, पत्रकार पक्राउ प्रयास र आइजिपी परिवर्तन र कांग्रेस सभापतिलाई पक्राउ गर्ने हल्लाले काठमाडौं तातेको छ । सापकोटाको मोबाइलमा भेटिएका संवाद, सम्पर्क र कारोबारका विवरण सार्वजनिक हुँदै जाँदा राज्यका शक्तिशाली निकायहरूमा त्यसको कम्पन देखिएको छ । यद्यपि सभापति थापा पक्राउका सन्दर्भमा नेपाल प्रहरीले कुनै त्यस्तो तयारीका बारेमा जानकारी नभएको बताएको छ। प्रहरी प्रवक्ता अविनारायण काफ्लेले यस विषयमा आफूलाई कुनै जानकारी नभएको बताए । उनले भने, 'यस्ता कुरा कहाँबाट आउँछन्, मलाई नै थाहा छैन। यो प्रकरणमा कुनै राजनीतिक नेतृत्वलाई पक्राउ गर्ने भन्ने आधिकारिक जानकारी छैन।' गत असोज ११ गते राति काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई सुरक्षाका कारण देखाउँदै मध्यरातमा निवासबाट प्रहरी कार्यालय पुऱ्याइएको थियो । भोलिपल्ट उनलाई छाडियो । जबराको मोबाइल जाँच गर्ने क्रममा सापकोटासँग कनेक्सन भेटिएपछि इनमतर्फ अनुसन्धान मोडिएको हो । त्यसपछि उनी पक्राउ परे । सापकोटाको मोबाइलमा सर्वोच्च अदालतका बहालवाला न्यायाधीश हरिप्रसाद फुयाँलसँगको ह्वाट्सएप संवाद भेटिएको विवरण सार्वजनिक भयो । भदौ १७ मा सापकोटाले रोहित गुप्ताको मुद्दा खारेज गर्न प्रधानमन्त्रीको चासो रहेको भन्दै फुयाँललाई सन्देश पठाएका थिए । फुयाँलले आफूले सन्देश हेर्नुअघि नै इजलासले गुप्तालाई दुई करोड रुपैयाँ धरौटीमा छाड्ने आदेश दिइसकेको बताएका छन् ।

फुयाँलले आफूले अन्य चार न्यायाधीशसहित सापकोटालाई भेटेको पनि स्वीकार गरिसकेका छन्। प्रधानन्यायाधीश मनोजकुमार शर्माको नाममा रकम जम्मा भएको भनिएको विवरणसमेत सार्वजनिक भएपनि डा. शर्माले सापकोटासँग आफ्नो कुनै प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्क नरहेको दाबी गरेका छन् । यो प्रकरणले सर्वोच्च अदालतभित्रै छानबिन, न्यायाधीशको जवाफदेहिता र महाभियोगको बहस सुरु भएको छ ।

इनमको मोबाइलमा भेटिएका संवादले प्रहरी र सशस्त्र प्रहरीका उच्च अधिकारीबीचको सम्बन्धसमेत उजागर गऱ्यो। सशस्त्र प्रहरीका एआइजी वंशीराज दाहाल ११ असोजको राति जबरालाई टेकुस्थित कार्यालय पुऱ्याइएपछि उनलाई भेट्न पुगेका थिए । उनी राति ३ बजे पुगेको र बिहान ५ बजेमात्र फर्किएको विवरण सार्वजनिक भयो ।

रोनाल्डोले...

२३४ खेल खेल्दै १४६ गोल गरेका छन् । दुवै उपलब्धि पुरुष अन्तर्राष्ट्रिय फुटबलमा विश्व कीर्तिमान हुन् ।

इन्स्टाग्राममा भिडियो सन्देश जारी गर्दै रोनाल्डोले पोर्चुगलको सात नम्बर जर्सी अब नयाँ पुस्तालाई हस्तान्तरण गर्ने समय आएको बताएका छन् । 'पोर्चुगलका जनताका लागि राष्ट्रिय टोलीको सात नम्बर जर्सी फिर्ता गर्ने दिन आएको छ । २३ वर्षसम्म यो जर्सी लगाउने, यसको रक्षा गर्ने र विश्वभरका रंगशालामा यसलाई बोकेर हिँड्ने अवसर पाउनु मेरो सौभाग्य थियो,' उनले भनेका छन् । उनले राष्ट्रिय टोलीबाट बिदा हुने निर्णय सहज नभएको पनि बताएका छन् । 'यो सजिलो निर्णय थिएन । किनकि केही निर्णय दिमागले मात्र होइन, मुटुले पनि लिने गर्छ । सन् २००३ को अगस्टमा सुरु भएको र मेरो जीवन नै परिवर्तन गरेको यात्रा आज समाप्त भएको छ,' रोनाल्डोले भनेका छन् ।

रोनाल्डोले पोर्चुगलको कप्तानी सन् २००८ देखि सम्हाल्दै आएका थिए । उनको कप्तानीमा पोर्चुगलले सन् २०१६ को युरोकप र सन् २०१९ तथा २०२५ को नेसन्स लिगको उपाधि जितेको थियो । सन् २००४ को युरोकपमा भने पोर्चुगल उपविजेता बनेको थियो ।

रोनाल्डोले आफ्नो करियरमा लगातार ६ वटा युरोकप खेलेका थिए । त्यस्तै, सन् २०२६ को विश्वकप पनि उनको छैटौं विश्वकप सहभागिता बनेको थियो । उक्त प्रतियोगितामा पोर्चुगल अन्तिम १६ बाटै बाहिरिएको थियो। पछिल्लो समय राष्ट्रिय टोलीमा उनको भूमिकालाई लिएर आलोचना हुँदै आएको थियो। विश्वकपमा उनको प्रदर्शन अपेक्षाअनुसार नभएको भन्दै विभिन्न सञ्चारमाध्यम र फुटबल विश्लेषकले प्रश्न उठाएका थिए ।

मलेसियाले...

छलफलमा बताए । हाल उद्योगहरूमा ८० प्रतिशत विदेशी र २० प्रतिशत स्थानीय श्रमिक छन् । सरकारले यसलाई उल्ट्याएर ८० प्रतिशत स्थानीय र २० प्रतिशत विदेशी श्रमिक मात्र राख्ने लक्ष्य लिएको उनले जानकारी दिए । उनले स्थानीय श्रमिकलाई आकर्षित गर्न उत्पादन क्षेत्रको हालको औसत तलब २ हजार ७७५ रिंगेटबाट बढाएर ४ हजार ५१० रिंगेट पुऱ्याउने पनि बताए । तालिम प्राप्त स्थानीय श्रमिकलाई समेत न्यूनतम १ हजार ७०० रिंगेट तलब दिने कम्पनीहरूको उनले आलोचना गरे ।

स्थानीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका स्नातकहरूलाई विदेशी कामदारसरह नै ज्याला दिइरहेका कारण स्थानीयलाई रोजगारीमा जोड्न समस्या भइरहेको उनको भनाइ छ । १० देखि २० वर्षदेखि मलेसियामा सञ्चालनमा रहेका कम्पनीहरू विदेशी श्रमिकमा निर्भर हुँदै आएका कारण एक किसिमको बाध्यता भए पनि अब यसलाई उल्ट्याउनुपर्ने अवस्था आएको उनले बताए ।

सरकारले विदेशी कामदार भर्ना गर्ने उद्देश्यले पुराना कम्पनीहरूको जस्तै सञ्चालन शैली अपनाउन खोज्ने व्यवसायीलाई नयाँ इजाजतपत्र नदिने पनि उनले बताए। नयाँ कम्पनीहरूलाई विदेशी कामदार भर्ना गर्न अनुमति दिइरहे विदेशी श्रमिकको संख्या बढ्दै जाने खतरा रहेको उनको भनाइ छ ।

मलेसियामा...

जनाको जाँच गरेको छ । जाँचका क्रममा अध्यागमन कानुन उल्लंघन गरेको आरोपमा ३ हजार ४१० जना अवैध आप्रवासी र १०२ जना रोजगारदातालाई पक्राउ गरिएको मलेसिया अध्यागमन विभागले जनाएको छ ।

विभागका अनुसार सन् २०२६ जनवरी १ देखि अक्टोबर ३० सम्मको अवधिमा देशभर कुल ११ हजार ७५५ वटा अध्यागमनसम्बन्धी अपरेसन सञ्चालन गरिएको छ । उक्त अवधिमा १ लाख ५४ हजार ९४० जनाको जाँच गरिएकोमा ६९ हजार ७६० जना अवैध आप्रवासी पक्राउ परेका छन् । त्यस्तै, अवैध आप्रवासीलाई रोजगारी दिएको आरोपमा २ हजार ७७ जना रोजगारदातासमेत पक्राउ परेका छन् ।

यसै अवधिमा ४७ हजार ५५३ जना विदेशी नागरिकलाई आवश्यक प्रक्रिया पूरा गरी उनीहरूको मुलुकमा फिर्ता पठाइएको अध्यागमन विभागले जनाएको छ। अध्यागमन विभागले मलेसियाको प्रचलित अध्यागमन कानुन पालना गराउन निरन्तर, लक्षित र कडा रूपमा निगरानी तथा कारबाहीलाई अगाडि बढाइरहेको जनाएको छ । विभागले देशभर गैरकानुनी रूपमा बसोबास गर्ने, काम गर्ने तथा अध्यागमनसम्बन्धी नियम उल्लंघन गर्ने गतिविधि नियन्त्रण गर्न कारबाही जारी राख्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
सुदूरपश्चिम प्रदेश प्रहरी अस्पताल दिपायल डोटी

यस अस्पतालको मिति २०८३/०५/२५ गतेको प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरू मिति २०८३/०६/१५ गते प्राबिधिक प्रस्ताव र मिति २०८३/०७/१० गते आर्थिक प्रस्ताव खोलिएको र मूल्याङ्कन समितिबाट मुल्याङ्कन सम्पन्न भई स्विकृत भएको हुँदा तपसिलमा उल्लेखित बोलपत्र दाताहरुको बोलपत्र सारभूतरुपमा प्रभावग्राही रहेको र औषत कबोल अंकसँग सबै भन्दा नजिक रहेको तथा लागत अनुमान भन्दा सारभुतरुपमा बढी नभएकाले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र ३ बमोजिम निम्न बोलपत्र स्विकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ।

निम्नः-

ठेक्का नं.	बिवरण	छनौट भएको बोलपत्र	कबोल रकम
SPPPH/ NCB/02/2083/084	प्याकेज १औषधी तथा औषधीजन्य सामाग्री	युनिक फार्मा नेपालगंज २ बाँके	रु.३१,५१,२०९।५०
	प्याकेज-२ सर्जिकल,केमिकल,एक्स-रे खरिद	सम्झना सर्जिकल एण्ड सप्लायर्स धनगढी कैलाली	रु.२२,५२,१६६।००

नबिल बैंक लिमिटेड, कुमारीपाटी शाखा ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी
१५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

प्रकाशित मितिः २०८३/०७/२०

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **२०८१/१०/२२ को आर्थिक दैनिक पत्रिकामा** प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **१५ (पन्ध्र) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणीहरुको नाम र ठेगानाको विवरण

कम्पनी ऐन, २०५३ बमोजिम श्री ५ को सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालयमा मिति २०५५/०५/२६ मा दर्ता नं.: ९१३७/०५५/५६ अन्तर्गत दर्ता भई ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ८, ढोलाहिटी, ललितपुर स्थित **सैलुङ्ग इन्टरप्राइजेज प्रा.लि.** ।

र निज ऋणी सैलुङ्ग इन्टरप्राइजेज प्रा.लि. को नाममा यस बैंकबाट स्वीकृत भएको ऋणकर्जा सीमाभित्रै रही सोही स्वीकृत कर्जा सीमाको उपभोग गरेको कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/१०/०६ मा दर्ता नं.: २३२७६८/०७६/०७७ अन्तर्गत दर्ता भई काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ६, धापासी, काठमाडौं स्थित **ब्राभोस आउटसोर्सिङ प्रा.लि.** ।

कम्पनीका संचालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. मोद नाथ अधिकारीको नाति शारदा प्रसाद अधिकारीको छोरा ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका वडा नं. २६ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ५ बस्ने **निकेश अधिकारी** (ना.प्र.प.नं. २८-०१-७२-००३८०, जारी मिति २०७२/०२/१८, जिल्ला प्रशासन कार्यालय, ललितपुर) ।

२. रघु नाथ अधिकारीको नाति मोद नाथ अधिकारीको छोरा ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महागरपालिका वडा नं. ५ बस्ने **शारदा प्रसाद अधिकारी** (ना.प्र.प.नं. १८५२९, जारी मिति २०४५/०४/११, जिल्ला प्रशासन कार्यालय, ललितपुर) ।

३. गोपीलाल श्रेष्ठको नाति सिताराम श्रेष्ठको छोरा नुवाकोट जिल्ला थान्सिङ्ग गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ६ बस्ने **लक्ष्मण श्रेष्ठ** (ना.प्र.प.नं. १०४२२९, जारी मिति २०६२/०८/०६, जिल्ला प्रशासन कार्यालय, नुवाकोट) ।

४.मान बहादुर श्रेष्ठको नाति गोपीलाल श्रेष्ठको छोरा नुवाकोट जिल्ला थान्सिङ्ग गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ६ बस्ने **सिताराम श्रेष्ठ** (ना.प्र.प.नं. ३६७४, जारी मिति २०४९/०८/१८, जिल्ला प्रशासन कार्यालय, नुवाकोट) ।

५.गोपीलाल श्रेष्ठकी बुहारी सिताराम श्रेष्ठकी श्रीमती नुवाकोट जिल्ला थान्सिङ्ग गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ६ बस्ने **सरस्वती श्रेष्ठ** (ना.प्र.प.नं. ३२६७१, जारी मिति २०४९/०८/१८, जिल्ला प्रशासन कार्यालय, नुवाकोट) ।

संस्थागत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७३/०४/०६ मा दर्ता नं.: १५२३६९/०७३/०७४ अन्तर्गत दर्ता भई ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १५ मा रजिष्ट्रार कार्यालय **शैलुङ्ग ईन्भेष्टमेन्ट ग्रुप प्रा.लि.** ।

२. कम्पनी ऐन, २०५३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०६१/७/२० मा प्रा.लि. नं.: ३१४४२/०६१/६२ अन्तर्गत दर्ता भई ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २६, सुनाकोठीमा रजिष्ट्रार कार्यालय **शैलुङ्ग कन्सट्रक्सन कम्पनी प्रा.लि.**।

३. कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/१०/०६ मा दर्ता नं.: २३२७६८/०७६/०७७ अन्तर्गत दर्ता भई काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ६, धापासी, काठमाडौं स्थित **ब्राभोस आउटसोर्सिङ प्रा.लि.**।

धितो सुरक्षणहरुको विवरण

१. नुवाकोट जिल्ला थान्सिङ्ग गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ६ बस्ने **लक्ष्मण श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, धर्मस्थली गा.वि.स. वडा नं. ३, नक्शा सिट नं. ३/ग मा अवस्थित कित्ता नं. ७३० को क्षेत्रफल ०-४-०-० रोपनीको जग्गा एवं सो अचल सम्पत्तिमा जडित सम्पूर्ण लिगलगापातहरु समेत ।

२. नुवाकोट जिल्ला थान्सिङ्ग गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ६ बस्ने **सरस्वती श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, धर्मस्थली गा.वि.स. वडा नं. ३, नक्शा सिट नं. ३/ग मा अवस्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-४-०-० रोपनीको जग्गा एवं सो अचल सम्पत्तिमा जडित सम्पूर्ण लिगलगापातहरु समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०८/०४ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८३/०८/०७ गते ३:०० बजे बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलाम को सुचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महेशपुर पतारी, सिरहा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८३/०७/२०

लक्ष्मीपुर पतारी गाउँपालिकाको मिति २०८३/०६/०८ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिलका निर्माण कार्यहरुको लागि पेश भएका Hardcopy हरुमध्ये देहायका बोलपत्रहरु औसत मुल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोहि ऐनको सार्वजनिक दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

ठेक्का नं.	योजनाको विवरण	छनौट भएको फर्मको नाम	ठेगाना	कवोल अंक (With PS Item and VAT)
LPRM/WORKS/ NCB/01/2083/084	Raja harshinghdev mandir ma Retaining wall nirman	Jitu Construction Laxmipur Patari–5, Siraha	Laxmipur Patari–5, Siraha	5411079.98
LPRM/WORKS/ NCB/02/2083/084	Parsa ko main road dekhi Khadakpur Samma RCC Dhalan	P.K. Construction, Sukhipur –02, Siraha	Sukhipur –02, Siraha	6229172.40

प्रमुख प्रशासकीय अधिकृत

बालेन, रवि र गगन भेटेर फर्किए मिश्री

काठमाडौं/मस– प्रधानमन्त्री वालेन्द्र शाहसँग भारतीय विदेशसचिव विक्रम मिश्रीले बिहीबार शिष्टाचार भेट गरेका छन् । प्रधानमन्त्रीमा नियुक्त भएपछि प्रधानमन्त्री शाहले विदेशी कूटनीतिज्ञसँग एक्लाएक्लै भेट नगर्ने नीति लिएका थिए । प्रधानमन्त्री बनेलगत्तै भारत भ्रमणका लागि निम्तो दिन आउन खोजेका विदेशमन्त्री मिश्रीसँग प्रोटोकल देखाएर भेट्न नचाहेपछि उनको भ्रमण नै स्थगित भएको थियो । त्यसपछि भारतले प्रधानमन्त्रीको भ्रमण रोकेर रास्वपा सभापति रवि लामिछानेलाई रातो कार्पेटमा स्वागत गरेको थियो ।



सचिवालयको सुझावसँगै चार महिनापछि प्रधानमन्त्रीले राजदूतलगायत विदेशी कूटनीतिज्ञसँग भेट्न थालेका थिए । गत साउनमा उनले पहिलोपटक नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव र चिनियाँ राजदूत चाङ माओमिङसँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए । त्यसको केही दिनमै मंगलबार नेपालका लागि कार्यवाहक अमेरिकी राजदूत स्कट अर्बमसँग समेत भेटेका थिए ।

विदेशी राजदूतहरूसँग व्यक्तिगत भेटघाट नगर्ने पूर्वअडानबाट पछि हटेका शाहले बिहीबार भारतीय विदेश सचिव मिश्रीसँग भेट गरेका हुन् । भेटमा दुईपक्षीय हितका विविध विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । भारत भ्रमणको तयारीमा रहेका प्रधानमन्त्री बालेनलाई निम्तो दिन आएका मिश्रीलाई प्रधानमन्त्रीले भोटेकोशी बाढीलगायत विपद्का समयमा छिमेकी भारत सरकारले 'फर्स्ट रेस्पोन्डर'का रूपमा गरेको सहयोगप्रति आभार व्यक्त गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

भेटमा भारतीय विदेशसचिव मिश्रीले प्रधानमन्त्री शाहको आसन्न भारत भ्रमणको तयारी तीव्र पारेको भारतीय प्रधानमन्त्री मोदीको सन्देशसहित जानकारी गराएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । मिस्रीले ऊर्जा, जलस्रोत, व्यापार-पारवहन र उड्डयनसम्बन्धी नेपाल र भारतका द्विपक्षीय संयन्त्रका नियमित बैठकहरू सफलतापूर्वक सम्पन्न भएको बताए ।

उनी दुईदिने औपचारिक भ्रमणमा रहेका उनी बुधबार यहाँ आइपुगेका थिए । विदेशसचिव मिश्रीले बुधबार नै परराष्ट्रसचिव अमृतबहादुर राईसँग प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय बैठक गरेका थिए । भ्रमणका क्रममा विदेशसचिव मिश्रीले बुधबार नै अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र पूर्वाधार विकासमन्त्री सुनील लम्सालसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गरेका थिए ।

नयाँदिल्ली जानुअघि विदेशसचिव मिश्रीले बिहीबार सत्तारूढ दल रास्वपा सभापति रवि लामिछाने र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगनकुमार थापासँग समेत भेट गरेका छन् । मिश्रीलाई भेट्न थापा द्वारिकाज होटल पुगेका थिए । ती भेटमा नेपाल-भारत सम्बन्धसँगै आपसी हितबारे छलफल भएका थिए । मिश्रीले भारतको अयोध्यादेखि नेपालको जनकपुरसम्म रेलमार्ग सञ्चालनका लागि आवश्यक तयारी भइरहेको पनि जनाएका छन् ।

चरणबद्ध आन्दोलन गर्ने पत्रकार महासंघको घोषणा

काठमाडौं/मस– नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र संविधानको संरक्षणका लागि पापडलाई सक्रिय बनाई चरणबद्ध आन्दोलनको घोषणा गर्ने भएको छ । मिडिया काउन्सिल विधेयक, आमसञ्चार कानुन र प्रेस स्वतन्त्रताको रक्षा विषयमा महासंघले काठमाडौंमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रमले यस्तो निष्कर्ष निकालेको हो ।

प्रेस काउन्सिलसम्बन्धी अध्यादेश एकपक्षीय रहेको र सरोकारवालासँग छलफल नै नभएको ठहर गर्दै अन्तरक्रियाले उक्त विधेयक फिर्ता गर्न राष्ट्रपतिलाई आग्रह गर्ने निष्कर्षसमेत निकालेको छ ।

केही दिनअघि पत्रकारहरूमाथि भएको धरपकड र गिरफ्तारीका घटनाबारे छानबिन गरी दोषीलाई कारबाही गर्न महासंघले माग गर्ने भएको छ । साथै, विद्यमान अवस्थाबारे प्रधानमन्त्री, मन्त्रीहरू र राजनीतिक दलहरूलाई ध्यानाकर्षण गराउने महासंघले जनाएको छ ।

त्यस्तै, संसद्मा प्रतिवादको वातावरण सिर्जना गर्न सांसदहरूसँग बहस पैरवी गर्ने, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा रहेका अन्तर्राष्ट्रिय निकायको ध्यानाकर्षण गराउने र जेनजी अगुवाहरूसँग अन्तरक्रिया गर्नेलगायतका निष्कर्ष निकालिएको महासंघले जनाएको छ ।

महासंघका अध्यक्ष निर्मला शर्माले अन्तरक्रिया कार्यक्रमबाट प्राप्त निष्कर्षअनुसार महासंघ अघि बढ्ने बताइन् ।

कार्यक्रममा प्रेस काउन्सिलका पूर्वअध्यक्ष राजेन्द्र दाहाल, महासंघका पूर्वअध्यक्षहरू धर्मेन्द्र झा, शिव गाउँले, डा. महेन्द्र विष्ट, वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, उपाध्यक्ष नितु पण्डित, महासचिव रामप्रसाद दाहाल, सल्लाहकार रमेश विष्ट, नेपाल बार एसोसिएसनका अध्यक्ष डा. विजय मिश्र, राष्ट्रिय सूचना आयोगका पूर्वअध्यक्ष डा. सुरेश आचार्य, प्रेस चौतारीका अध्यक्ष गणेश पाण्डे, प्रेस सेन्टरका अध्यक्ष कमल गिरी तथा वरिष्ठ पत्रकार बबिता बस्नेतलगायतले आ-आफ्ना धारणा राखेका थिए ।

कार्यक्रममा सहभागी वक्ताहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, संविधानको संरक्षण र सञ्चार क्षेत्रको स्वतन्त्रताका लागि सरोकारवाला सबै पक्षबीच सहकार्य र खबरदारी आवश्यक रहेको धारणा राखेका थिए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६४/१२/०६ मा दर्ता भएको **प्रा.लि.नं. ५२४२३** को **बाबा इन्टरटेन्मेन्ट प्रा. लि** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

धर्जु खत्रीको नाति, धनिराम खत्रीको छोरा, रुकुम पश्चिम जिल्ला, मुसिकोट न.पा. वडा नं. ५ बस्ने यस बैंकको मुसिकोट शाखा कार्यालयको खातावाला बेचु खत्रीको मिति २०८२/१२/१९ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नीहरु शोवर्णा खत्री र डम्वर कुमारी खत्रीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

नेपाल रेडक्रस सोसाइटी
संखुवासभा जिल्ला शाखा
NRCS
एकीकृत खानेपानी, सरसफाई, स्वच्छता प्रवर्द्धन एवं विपद् जोखिम न्यूनीकरण IWASHDRR परियोजना
खानेपानी योजना निर्माण सामग्री खरीद सम्बन्धि शिलवन्दी बोलपत्र आह्वानको सूचना
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०७/२०)

नेपाल रेडक्रस सोसाइटी संखुवासभा जिल्ला शाखाद्वारा सभापोखरी गाँउपालिका वडा नं. २ मा को उत्तिसे खानेपानी र देवीथान खानेपानीका लागी आवश्यक निर्माण सामाग्रि बोलपत्र मार्फत खरीद गर्नुपर्ने भएकोले देहायका शर्तहरुको अधीनमा रही उक्त निर्माण सामग्री आपूर्ति गर्न ईच्छुक नेपाल सरकारको इजाजत प्राप्त मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका फर्म, कम्पनी एवं सप्लायर्सबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र नेपाल रेडक्रस सोसाइटी संखुवासभा जिल्ला शाखामा शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. नेपाल सरकारको इजाजत प्राप्त रजिष्टर्ड फर्म, कम्पनी तथा सप्लायर्सले तपसिल बमोजिमका कागजातहरु संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनका अर्थात मिति २०८३/०८/०४ गते अपरान्ह १२:०० बजे भित्र ने.रे.सो. संखुवासभा जिल्ला शाखाबाट खरीद गरी शोहि दिन अर्थात मिति २०८३/०८/०४ गते कार्यालय समय (४.०० बजे) भित्र पेश गरी सक्नु पर्नेछ ।
(क) अद्यावधिक नवीकरण भएको व्यावसायिक दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
(ख) आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि ।
(ग) आ.व.०८२/०८३ को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि ।
(घ) व्यवसायीको नागरिकताको प्रमाणित प्रतिलिपी ।
२. बोलपत्र फाराम **रु. २,०००।–(अक्षरेपी दुइ हजार मात्र)** नगद तिरी (फिर्ता नहुने) ने.रे.सो. संखुवासभा जिल्ला शाखाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
३. आपूर्तिकर्ताले चाहेमा **नेपाल रेडक्रस सोसाइटी वास कार्यक्रम हि.नं. २०८०१०००३१५४०००१** बैंक खातामा बोलपत्र दस्तुर बापतको रकम जम्मा गरी सोको स्क्यानप्रति सहित ने.रे.सो संखुवासभाको इमेल ठेगाना **sankhuwasabha.nrcs@gmail.com** मा बोलपत्र कागजातका लागि अनुरोध गर्न सक्ने छ । सिलबन्दी बोलपत्र भने अनिवार्य रुपमा ने.रे.सो संखुवासभा जिल्ला शाखामा भौतिकरुपमा दर्ता गराउनुपर्नेछ अथवा भरिएको सिलवन्दीपत्र पत्र स्क्यान गरेर पासवर्ड राखि इमेल गर्न सकिने छ ।
४. इमेल मार्फत टेण्डर डकुमेन्ट पेश गर्नेको हकमा आवश्यक दस्तुर र टेण्डरमा मागिएको कागजात पहिले नै पेश भएपछी मात्र टेण्डर फारम प्राप्त गर्न सकिने छ ।
५. बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस जिल्ला शाखामा सुरक्षित रहनेछ ।
६. बोलपत्र सम्बन्धि अन्य जानकारीको लागि ने.रे.सो. संखुवासभा जिल्ला शाखा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

नेपाल रेडक्रस सोसाइटी
संखुवासभा जिल्ला शाखा, संखुवासभा, फोन न. ०२९-५६२०९०/९८४२८२४४०६

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७५/०५/१३ मा दर्ता भएको श्री **ज्नन टेक्नोलोजिज प्रा. लि. (प्रा.लि. नं. १९७२७९)** नामक कम्पनीले दर्ता दारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, पोखरा
सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना, सन्धिखर्क, अर्घाखाँची
आर्थिक प्रस्ताव खोलिने सूचीबाट हटाइएको तथा आर्थिक प्रस्ताव खोलिने सम्बन्धि सूचना
(प्रकाशित मितिः२०८३/०७/२०)

यस कार्यालयबाट मिति २०८३/०७/१३ गते अन्नपूर्ण दैनिक पत्रिकामा IFB No. SSDRP/05/082/83 ठे.नं. SSDRP/337011064/082/83/05 को प्राविधिक प्रस्ताव मुल्यांकनमा सफल भएका १८ वटा बोलपत्रदाताहरुका आर्थिक प्रस्ताव खोलिने सूचना प्रकाशित गरिएकोमा निम्नानुसारको २ वटा बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोलिने सूचीबाट हटाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त ठेक्काको आर्थिक प्रस्ताव मिति २०८३/०८/०१ गते बिहान ११:०० बजे यस योजना कार्यालयमा खोलिने व्यहोरा समेत जानकारी गराइन्छ ।

सि.नं.	आर्थिक प्रस्ताव नखोलिने बोलपत्रदाताको नाम, ठेगाना	आर्थिक प्रस्ताव नखोल्नुको कारण
१	M/S Hari Hari Nirman Sewa Pvt.Ltd., Ratopul, Kathmandu	कालोसूचीमा परेकोले
२	M/S Waiba & Lama Construction Pvt.Ltd., Kathmandu	५ वटा ठेक्का खरिद सम्झौता गरिसकेकोले

योजना प्रमुख

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, साकेला
कोशी प्रदेश, नेपाल
नदिजन्य पदार्थ सकंलन तथा बिक्री गर्ने कार्यको बोलपत्र आहवान सम्बन्धी सूचना
दोस्रो पटक प्रकाशित मितिः २०८३/०७/२०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ को "घ" को (६), कोशी प्रदेश आर्थिक ऐन २०८३, स्वीकृत IEE प्रतिवेदन तथा प्रचलित कानुनको अधिनमा रही साकेला गाँउपालिका, खोटाङको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा सङ्कलन गरी स्वीकृत दरमा बिक्री गर्ने गरी आ.व. २०८३/८४ को लागि दरभाउपत्र/ बोलपत्र बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरीएको छ । योग्य फर्महरुले यस कार्यालयबाट दरभाउपत्र/बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र दरभाउपत्र/बोलपत्र पेश गर्नुहुन अनुरोध छ ।

तपसिलः

सि.न.	ठेक्का नं.	बोलपत्रको नाम	उत्खनन् परिमाण (क्यु.फिट.)	न्युनतम बोलपत्र रकम (मु.अ. कर बाहेक)
१	राजस्व/१/२०८३/२०८४	साप्सुखोला (लामिदुवाली, वडा न.२)	५५६२.८७	४९२२८।९३
२		साप्सुखोला (गिद्देदोवान, वडा न.१)	६१०३.२६	५४०११।१५
३		साप्सुखोला (वडा न.५)	१२७५७.५२	११२८९८।४०
४		साब्जु खोला (वडा न.१)	१३४०३.८७	११८६१८।३१
५		रुपुवा खोला (वडा न.१)	५९३३७.३२	५२५१०९
६		तावाखोला (वडा न.५)	३२०४२.१५	२८३५५८।८४
७		तावाखोला (पत्रङ्गेटार, वडा न.३)	२२०३.९५	१९५००।७९

शर्तहरुः

१. धरौटी रकम प्रत्येक बोलपत्रको कबोल अङ्कको ५ प्रतिशत धरौटी खाता नं. ४१६२५२४०६००००३ मा जम्मा गरि सो को भौचर सहित पेश गर्नुपर्ने छ ।
२. बोलपत्र मिति २०८३/०८/०४ गते दिनको १२:०० बजे भित्र पेश गर्नु पर्नेछ । ढिला गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।
३. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा साकेला गाउँपालिकाको कार्यालयमा मिति २०८३/०८/०४ गते दिनको १:०० बजे खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको खण्डमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्र (Tender document)को फारम खरिद गर्न यस कार्यालयमा सम्पर्क गर्नुपर्ने छ ।
५. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, नविकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.व. २०८२/८३ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल एसबिआई बैंक लिमिटेड, साकेला शाखामा रहेको राजस्व खाता नं. ४१६२५२४०६०००१६ मा रु १०००/- नगद राजश्व शीर्षक नम्बर १४२२९ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
६. योग्य बोलपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीको लागि साकेला गाउँ कार्यपालिकाको कार्यालय, मानेभञ्ज्याङमा सम्पर्क राख्न सक्नेछन् । सम्पर्क नम्बर ९८४१९३५६०९, ९८६१९८५५९८

प्रमुख प्रशासकीय अधिकृत

Saudi मा रोजगार 1. Asaf Al Khaleej Trading Establishment
पूर्व स्वीकृती मितिः २०८३/७/१९ चलानी नं. ६०२६३०८९ LT No.: 350052

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR.	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Heavy Equipment Operator	3	काममा दक्ष	2500	१००,७१०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

2. Al Rawad Leasing company पूर्व स्वीकृती मितिः २०८३/७/१८ चलानी नं. ६०२६३०९० LT No.: 350005

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR.	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Heavy Truck Driver	15	काममा दक्ष	1800	७२,५१०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

3. Al Sabakh Trading & Contracting Company पूर्व स्वीकृती मितिः २०८३/७/१८ चलानी नं. ६०२६३०९४ LT No.: 350008

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR.	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Quarry Worker	10	काममा दक्ष	1000	४०,२८५।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
२.	Heavy Truck Driver	15		1800	७२,५१०।-							

4. Air & Sea Shipping Company पूर्व स्वीकृती मितिः २०८३/७/१८ चलानी नं. ६०२६३०९२ LT No.: 350006

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR.	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Heavy Truck Driver	6	काममा दक्ष	1800	७२,५१०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

5. Abdul Latif Saud Al-humain Logistics Company One Person
पूर्व स्वीकृती मितिः २०८३/७/१८ चलानी नं. ६०२६३०९३ LT No.: 350007

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR.	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Heavy Truck Driver	7	काममा दक्ष	1800	७२,५१०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	निःशुल्क

अन्तरवार्ता २०८३ कार्तिक २७ गते (13 Nov., 2026) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौमा हुनेछ ।

कसमस नेपाल ह्युम्यान रिसोर्स प्रा. लि. श्रम इजाजत नं. ७३३/०६४/०६५
लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9801199984, 9865728265, 9803269111, Contact Person : 9802099984 (Nirmal Rawal), Email: info@cosmosnepalhr.com

युएईमा रोजगार कम्पनी : SINO SPRING CONTRACTIONG BUILDING L.L.C शहर : UAE,Dubai
पूर्व स्वीकृत मिति : २०८३/०७/१९ चलानी नं.: ६०२६३१२३ LT. No.: 349859

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Labor	6	0	सम्बन्धित काममा दक्ष	1200	४९,३८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Bricklayer	2	0		1500	६१,७२५							
3.	Stone Mason/brick Mason/tyle Layer/mason Assitant/construction Carpenter	3	0		1500	६१,७२५							
4.	Mason (Tile-layer)	2	0		1499	६१,६८३							
5.	Mason (Stone/block/tiles)	3	0		1500	६१,७२५							

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ कार्तिक २७ गते (13 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्वाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. २७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

Takura Overseas Pvt. Ltd.
Govt. Lic. No. : 1538/078/079
Mahalaxmisthan-15, Lalitpur, Tel : 01-4529674, 4529675
Email: sd.takuraoverseas@gmail.com

KUWAIT मा रोजगार Mongolian Grill Catering & Restaurants Company
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८३/२/११ चलानी नं. : ६०२५५९०२ LT No.: 342639

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Assistant Cook	1	0	काममा दक्ष	130	६३,३००।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
२.	Restaurant (Kitchen Helper)	1	0		110	५३,५७०।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७,००।- कामदार आफैले	रु.१०,०००।-

अन्तरवार्ता २०८३ कार्तिक २७ गते (13 Nov., 2026) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ ।

GULF EMPIRE COMPANY PVT. LTD. Lic. No.: 1599/079/80
के.एम.सि.-३१, मिनभवन, बानेश्वर, काठमाडौं, फोन नं. ०१-४११५९६०/४११५९६१
सम्पर्क मोबाईल : ९८२३२५७२७१, ९८०१३१५९५९ (शंकर खरेल)
शाखा कार्यालय ईटहरी सम्पर्क : ९८०१०२३८१२, ९८०२०२३८१२
इमेल : gulfempirenepal@gmail.com, वेभसाइट : www.gulf-empire.com

युएईमा रोजगार कम्पनीः EMARAT ALOULA CONTRACTING CO - SOLE PROPRIETORSHIP L.L.C. शहरः UAE
पूर्व स्वीकृत मितिः २०८३/०४/२५ चलानी नं.: ६०२५९५५३ LT. No.: 346371 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	A CLEANER	49	0	स. काममा दक्ष	1000	४१,१५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २७ गते (13 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्वाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

PRO JOB SOLUTION PVT. LTD. श्रम इजाजत नं. १७५१/०८२/८३
Kathmandu Metropolitan City - 9, Gaushala Contact No: 9709419270 (Hum Kant Parajuli)
E-mail: projobsolutionpvtltd61@gmail.com

युएईमा रोजगार कम्पनीः ABSEILING MIDDLE EAST TECHNICAL SERVICES L.L.C शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८३/०७/१९ चलानी नं.: ६०२६३१२२ LT. No.: 350018

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scaffolder	1	0	सम्बन्धित काममा दक्ष	1500	६१,७२५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Artist/painter	2	0		1500	६१,७२५							
3.	Cleaner/labourer	1	0		1000	४१,१५०							
4.	Plumber /pipe Fitter	4	0		1500	६१,७२५							
5.	Plumber /pipe Fitter	3	0		1500	६१,७२५							
6.	Construction Carpenter	4	0		1500	६१,७२५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २७ गते (13 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्वाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Tokha-5, Basundhara Kathmandu, Tel.: 01-4956654, 4955978,
Prakash Paudel Contact No : 9849664971,
Email: info@linknepalmanpower.com
ISO 9001 : 2015

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

स्थानीय न्याय बलियो बनाऊ

न्याय खोज्न अदालत नै पुग्नुपर्छ भन्ने मान्यता अब बदलिन थालेको छ । गाउँघर र समाजमा उत्पन्न हुने धेरै विवाद स्थानीय तहमै समाधान हुन थालेका छन् । स्थानीय तहमा पुगेका विवादमध्ये करिब ८० प्रतिशत मेलमिलापबाट टुंगिने गरेको तथ्यांकले न्यायिक समितिको उपयोगिता पुष्टि गर्छ । यसलाई अझ प्रभावकारी बनाउँदै नागरिकलाई सहज, छिटो र सुलभ न्याय दिने व्यवस्था गर्नु अहिलेको आवश्यकता हो । संविधानले गाउँपालिकाका उपाध्यक्ष र नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले पनि समितिको अधिकार क्षेत्र स्पष्ट पारेको छ । साँधसीमा, कुलो, पानीघाट, बाली नोक्सानी, ज्याला मजदुरी, ज्येष्ठ नागरिकको पालनपोषण र मेलमिलापबाट समाधान गर्न सकिने अन्य विवाद स्थानीय तहमै निरूपण गर्न सकिने व्यवस्था छ । यस्ता विवादका लागि लामो समय र खर्च गरेर अदालत धाउनुपर्ने बाध्यता घटाउनु न्यायिक समितिको मुख्य उद्देश्य हो ।

स्थानीय तहमा विवाद समाधानको अभ्यास प्रभावकारी देखिए पनि यसको संस्थागत क्षमता अझै बलियो बनाउनुपर्ने अवस्था छ । सबै न्यायिक समितिमा पर्याप्त कानुनी ज्ञान भएका कर्मचारी, दक्ष मेलमिलापकर्ता, आवश्यक अभिलेख र व्यवस्थित कार्यविधि उपलब्ध छैनन् । कतिपय समितिको काम जनप्रतिनिधिको व्यक्तिगत पहल र अनुभवमा निर्भर छ । यसले निर्णयको गुणस्तर र निरन्तरतामा असर पार्न सक्छ । न्यायिक समितिलाई प्रभावकारी बनाउन सबैभन्दा पहिले यसको क्षमता विकासमा ध्यान दिनुपर्छ । जनप्रतिनिधि र कर्मचारीलाई कानुनी प्रक्रिया, मेलमिलापका सीप र विवाद व्यवस्थापनसम्बन्धी नियमित तालिम दिनुपर्छ । समितिका निर्णय र मेलमिलापका सहमति व्यवस्थित रूपमा अभिलेख गर्ने व्यवस्था हुनुपर्छ । आवश्यक कानुनी तथा प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ । साथै, समितिको काममा राजनीतिक प्रभाव र पक्षपात हुन नदिन निष्पक्षता तथा जवाफदेहिताको सुनिश्चितता आवश्यक छ ।

सरकारले मेलमिलापसम्बन्धी कानुन संशोधन गर्न खोजेको छ । प्रस्तावित व्यवस्थाले स्थानीय तहका समितिलाई कमजोर बनाउने होइन, उनीहरूको क्षमता र अधिकारलाई थप स्पष्ट तथा व्यवस्थित बनाउनुपर्छ । मेलमिलापकर्ताको छनोट, योग्यता, आचारसंहिता र निष्पक्षताबारे पनि स्पष्ट मापदण्ड चाहिन्छ । अदालतमा पुग्ने मुद्दाको चाप घटाउनु मात्र न्यायिक समितिको सफलता होइन । विवादका दुवै पक्षले न्याय पाएको अनुभूति गर्नु यसको वास्तविक सफलता हो । मेलमिलापका नाममा कमजोर पक्षमाथि दबाब पर्नु हुँदैन । सहमति स्वेच्छिक हुनुपर्छ र कानुनी अधिकारको संरक्षण हुनुपर्छ । न्याय नागरिकको घरदैलोमै पुऱ्याउने लक्ष्यसहित न्यायिक समितिलाई सक्षम, निष्पक्ष र विश्वसनीय बनाउनु आवश्यक छ ।

सुशासनका लागि योग्य पात्रको छनोट

लोकतन्त्रको सफलता निर्वाचन र सरकार गठनमा मात्र निर्भर हुँदैन, राज्य सञ्चालनको जिम्मेवारी पाउने व्यक्तिको योग्यता, क्षमता र नैतिकतामा पनि निर्भर हुन्छ । राजनीतिक निकटता, गुटगत सम्बन्ध र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सार्वजनिक पदमा योग्य व्यक्ति छनोट गर्नुपर्छ । समावेशिता, निष्पक्षता र व्यावसायिक दक्षतालाई सँगै अघि बढाउन सके मात्र सुशासन र संस्थागत विश्वसनीयता बलियो हुन्छ ।

अग्रलेख



● श्यामप्रसाद मैनाली

लोकतान्त्रिक शासन व्यवस्थाको सफलता निर्वाचन सम्पन्न हुनु, सरकार गठन हुनु वा राज्यका विभिन्न निकायमा पदाधिकारी नियुक्त हुनुमा मात्र निर्भर हुँदैन । यसको वास्तविक सफलता राज्य सञ्चालनको जिम्मेवारी पाउने व्यक्तिको योग्यता, नैतिकता र सार्वजनिक हितप्रतिको प्रतिबद्धताले निर्धारण गर्छ । शासन प्रणाली जति नै उत्कृष्ट भए पनि त्यसलाई सञ्चालन गर्ने व्यक्ति योग्य, इमानदार र उत्तरदायी हुन सकेनन् भने अपेक्षित परिणाम प्राप्त हुँदैन ।

त्यसैले सार्वजनिक जिम्मेवारीमा व्यक्तिको छनोट सामान्य प्रशासनिक वा राजनीतिक प्रक्रिया मात्र होइन, मुलुकको भविष्यसँग जोडिएको विषय हो । प्रधानमन्त्री तथा राजनीतिक नेतृत्वले सार्वजनिक पदमा नियुक्ति गर्दा र निर्वाचनमा उम्मेदवार छनोट गरी टिकट वितरण गर्दा व्यक्तिगत सम्बन्ध, राजनीतिक निकटता र गुटगत आबद्धताभन्दा योग्यता, क्षमता, नैतिकता र स्वच्छ छविलाई प्राथमिकता दिनुपर्छ ।



योग्यता र चरित्र

सार्वजनिक पद कुनै व्यक्तिलाई दिइने पुरस्कार होइन, राज्य र नागरिकका तर्फबाट सुम्पिएको जिम्मेवारी हो । त्यसैले पदमा पुग्ने व्यक्तिले आफ्नो ज्ञान, अनुभव र क्षमताको प्रयोग सार्वजनिक हितका लागि गर्नुपर्छ । पदको गरिमा त्यसमा आसिन व्यक्तिको आचरण, कार्यक्षमता र निर्णय प्रक्रियाबाट स्थापित हुन्छ । राजनीतिक रूपमा सक्रिय वा लोकप्रिय हुँदैमा कोही व्यक्ति हरेक सार्वजनिक जिम्मेवारीका लागि उपयुक्त हुन्छ भन्ने हुँदैन । उसको मूल्यांकन विगतको कार्यसम्पादन, नैतिक आचरण, विषयगत ज्ञान, निर्णय क्षमता र सार्वजनिक जीवनमा आर्जन गरेको विश्वसनीयताका आधारमा हुनुपर्छ ।

सार्वजनिक नेतृत्व छनोट गर्दा तीन पक्षलाई प्राथमिकता दिनुपर्छ । पहिलो, सम्बन्धित जिम्मेवारी निर्वाह गर्न आवश्यक शैक्षिक योग्यता, विषयगत ज्ञान र व्यावसायिक क्षमता । दोस्रो, व्यक्तिगत तथा सार्वजनिक जीवनको इमानदारी र नैतिकता । तेस्रो, सामाजिक प्रतिष्ठा, उत्तरदायित्वबोध र राष्ट्रिय हितप्रतिको प्रतिबद्धता ।

टिकट वितरणमा योग्यताको कदर

लोकतन्त्रमा जनप्रतिनिधि छनोट गर्ने अन्तिम अधिकार नागरिकमा हुन्छ । तर उम्मेदवार बनाउने प्रारम्भिक निर्णय राजनीतिक दलहरूले गर्छन् । त्यसैले दलहरूको उम्मेदवार छनोट प्रक्रिया लोकतान्त्रिक शासनको गुणस्तर निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो ।

निर्वाचनमा टिकट वितरण गर्दा आर्थिक प्रभाव, गुटगत पहुँच, नेतासँगको निकटता वा चुनावी खर्च जुटाउन सक्ने क्षमतालाई मात्र आधार बनाउनु हुँदैन । उम्मेदवारको सामाजिक योगदान, शैक्षिक तथा प्राज्ञिक क्षमता, राजनीतिक चेतना, सार्वजनिक जीवनको स्वच्छता र जनताप्रतिको उत्तरदायित्वलाई पनि महत्त्व दिनुपर्छ ।

जनप्रतिनिधि संसद् वा स्थानीय तहमा उपस्थित भएर औपचारिक प्रक्रिया पूरा गर्ने व्यक्ति मात्र होइन । उसले कानुन निर्माणमा योगदान दिनुपर्छ, सरकारलाई उत्तरदायी बनाउनुपर्छ र जनताको आवाजलाई संस्थागत रूपमा प्रस्तुत गर्न सक्नुपर्छ । यसका लागि अध्ययनशीलता, विषयवस्तुको ज्ञान, विश्लेषण क्षमता र दूरदृष्टि आवश्यक हुन्छ ।

सबै राजनीतिज्ञ एउटै शैक्षिक पृष्ठभूमिका हुनुपर्छ भन्ने होइन । औपचारिक प्रमाणपत्र मात्र योग्यताको अन्तिम मापदण्ड पनि होइन । विभिन्न वर्ग, समुदाय र पेसाबाट आएका अनुभवी व्यक्तिको प्रतिनिधित्व लोकतन्त्रको सुन्दर पक्ष हो । तर उनीहरूमा इमानदारी, विवेक र जिम्मेवारी निर्वाह गर्न सक्ने न्यूनतम क्षमता हुनुपर्छ ।

सार्वजनिक नियुक्तिमा संस्थागत आवश्यकता

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्ले संवैधानिक, प्रशासनिक, कूटनीतिक, शैक्षिक र सार्वजनिक संस्थामा नियुक्ति गर्दा संस्थाको आवश्यकता र जिम्मेवारीलाई आधार बनाउनुपर्छ । यस्ता नियुक्ति राजनीतिक समूह वा निकट व्यक्तिलाई अवसर दिने माध्यम बन्नु हुँदैन ।

विश्वविद्यालयको नेतृत्वमा प्राज्ञिक दृष्टिकोण, शैक्षिक अनुभव र अनुसन्धानप्रतिको रुचि भएको व्यक्ति आवश्यक हुन्छ । कूटनीतिक जिम्मेवारीमा अन्तर्राष्ट्रिय सम्बन्धको ज्ञान, भाषिक दक्षता र राष्ट्रिय हितको प्रतिनिधित्व गर्ने क्षमता चाहिन्छ । प्रशासनिक नेतृत्वमा व्यवस्थापकीय दक्षता, निष्पक्षता र निर्णय क्षमता आवश्यक हुन्छ । सार्वजनिक संस्थानको नेतृत्वमा सम्बन्धित क्षेत्रको ज्ञान र वित्तीय अनुशासन महत्त्वपूर्ण हुन्छ ।

सबै पदमा एउटै योग्यता खोज्नु व्यावहारिक हुँदैन । तर प्रत्येक पदका लागि न्यूनतम योग्यता, अनुभव, नैतिकता र कार्यक्षमताको स्पष्ट मापदण्ड हुनुपर्छ । नियुक्ति प्रक्रिया पारदर्शी हुनुपर्छ र छनोट भएका व्यक्तिको उपयुक्तता पुष्टि गर्न सकिने आधार सार्वजनिक गरिनुपर्छ । नियुक्तिपछि कार्यसम्पादनको नियमित मूल्यांकन पनि आवश्यक छ ।

स्वच्छ छवि र नैतिक साहस

सार्वजनिक जीवनमा स्वच्छ छवि महत्त्वपूर्ण पुँजी हो । यसको अर्थ भ्रष्टाचारको आरोप नलागेको अवस्था मात्र होइन । सार्वजनिक स्रोतसाधनको सदुपयोग, स्वार्थको द्वन्द्वबाट टाढा रहने व्यवहार, निष्पक्ष निर्णय र कानुनको पालना पनि स्वच्छ आचरणका आधार हुन् । सार्वजनिक पदमा रहेका व्यक्तिले राजनीतिक दबाब, व्यक्तिगत आग्रह र शक्तिशाली समूहको प्रभाव सामना गर्नुपर्ने हुन सक्छ । यस्तो अवस्थामा आफ्नो व्यावसायिक तथा नैतिक मान्यताअनुसार निर्णय लिन सक्ने साहस आवश्यक हुन्छ । पदमा टिकिरहनु मात्र नेतृत्वको सफलता होइन, अनुचित काम अस्वीकार गर्दै सार्वजनिक हितको पक्षमा उभिन सक्नु पनि नेतृत्वको गुण हो । सरकार परिवर्तन भइरहन्छ, तर राज्यका स्थायी संस्थाको निरन्तरता र विश्वसनीयता कायम रहनुपर्छ । त्यसैले सार्वजनिक पदमा नियुक्त हुने व्यक्तिमा व्यक्तिगत निष्ठाभन्दा संस्थाप्रतिको निष्ठा र राजनीतिक अनुकूलताभन्दा कानुनी तथा व्यावसायिक निष्पक्षता महत्त्वपूर्ण हुन्छ ।

समावेशिता र योग्यता

योग्यता र क्षमताको चर्चा गर्दा सामाजिक समावेशितालाई उपेक्षा गर्नु हुँदैन । महिला, दलित, आदिवासी जनजाति, मधेसी, पिछडिएका क्षेत्र तथा विभिन्न सामाजिक र आर्थिक पृष्ठभूमिका नागरिकको राज्य सञ्चालनमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु लोकतन्त्रको दायित्व हो । तर समावेशितालाई औपचारिक प्रतिनिधित्वमा मात्र सीमित गर्नु उचित हुँदैन । क्षमता विकास, समान अवसर र नेतृत्वमा पहुँच सुनिश्चित गर्नुपर्छ । समावेशिता र योग्यताबीच विरोधाभास सिर्जना गर्नुको सट्टा दुवैलाई परिपूरक बनाउनुपर्छ । समाजका सबै वर्ग र समुदायमैत्र रहेका प्रतिभालाई पहिचान गर्ने उदार दृष्टिकोण राज्यले राख्नुपर्छ ।

राजनीतिक संस्कारमा सुधार

राजनीतिक संस्कार सुधार्न उम्मेदवार छनोट र सार्वजनिक नियुक्तिको प्रक्रियाबाटै परिवर्तन सुरु गर्नुपर्छ । नेतृत्वले आफूलाई विश्वास गर्ने व्यक्तिलाई मात्र अवसर दिने परम्पराभन्दा संस्थाको आवश्यकता र सार्वजनिक हितलाई केन्द्रमा राख्नुपर्छ । आफ्ना आलोचकलाई समेत योग्यता र क्षमताका आधारमा मूल्यांकन गर्न सक्नु लोकतान्त्रिक नेतृत्वको महत्त्वपूर्ण विशेषता हो । राजनीतिक दलहरूले उम्मेदवार छनोटका स्पष्ट मापदण्ड सार्वजनिक गर्ने, सम्भावित उम्मेदवारको विगतको कार्यसम्पादन र सार्वजनिक आचरण मूल्यांकन गर्ने तथा आन्तरिक लोकतन्त्र सुदृढ बनाउने अभ्यास विकास गर्नुपर्छ । सार्वजनिक नियुक्तिमा खुला प्रतिस्पर्धा, योग्यतामा आधारित छनोट र निर्णय प्रक्रियाको पारदर्शिता सुनिश्चित गर्नुपर्छ ।

राजनीतिमा प्रवेश गर्नु वा सार्वजनिक पदमा पुग्नु व्यक्तिगत प्रतिष्ठा बढाउने माध्यम होइन, समाज र राष्ट्रप्रति उत्तरदायित्व निर्वाह गर्ने अवसर हो । पदमा पुग्ने व्यक्तिले पदको गरिमा बढाउनुपर्छ, पदको प्रयोग गरेर व्यक्तिगत प्रतिष्ठा निर्माण गर्ने होइन । सुशासनका लागि कानुन, नीति, संरचना, प्रविधि र संस्थागत सुधार आवश्यक छन् । तर यी सबैको प्रभावकारिता तिनलाई सञ्चालन गर्ने व्यक्तिको इमानदारी, क्षमता र कार्यसंस्कृतिमा निर्भर हुन्छ । उत्कृष्ट संस्थागत संरचना पनि अयोग्य र गैरजिम्मेवार व्यक्तिको हातमा निष्प्रभावी बन्न सक्छ । प्रधानमन्त्रीको वास्तविक नेतृत्व क्षमता आफूले चाहेका व्यक्तिलाई पदमा पुऱ्याउन सक्नुमा मात्र होइन, देश र समाजले सम्मान गर्न सक्ने योग्य व्यक्तिलाई पहिचान गरी जिम्मेवारी सुम्पन सक्नुमा पनि अभिव्यक्त हुन्छ । प्रशंसकहरूको समूह निर्माण गर्नुभन्दा स्वतन्त्र विचार राख्न सक्ने, विषयगत ज्ञान भएका र सार्वजनिक हितप्रति प्रतिबद्ध व्यक्तिलाई राज्य सञ्चालनमा सहभागी गराउनु महत्त्वपूर्ण हुन्छ ।

सुशासनको आधार असल नीति निर्माण गर्नु मात्र होइन, त्यसलाई कार्यान्वयन गर्न सक्ने असल पात्र छनोट गर्नु पनि हो । सार्वजनिक जिम्मेवारीमा योग्य, इमानदार, अध्ययनशील र विवेकशील व्यक्तिको उपस्थिति सुनिश्चित गर्न सकियो भने मात्र लोकतन्त्रले नागरिकको विश्वास जित्न सक्छ र राज्यले सुशासन तथा संस्थागत विश्वसनीयताको दिशामा दिगो प्रगति गर्न सक्छ ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन् ।)

ज्योतिषशास्त्र : आस्था, विज्ञान र विवेकको बहस

खगोल विज्ञान



● कुशुम तिवारी पाठक

ज्योतिषशास्त्र प्राचीन ज्ञान, धार्मिक परम्परा र नेपाली संस्कृतिसँग जोडिएको छ । आधुनिक युगमा पनि यसको आकर्षण कायम रहे पनि भविष्यवाणीसम्बन्धी दाबी वैज्ञानिक प्रमाणबाट पुष्टि भएका छैनन् । परम्पराको सम्मानसँगै अन्धविश्वास, भ्रम र आर्थिक शोषणबाट विशेष सचेत रहनु आवश्यक छ ।

मानव सभ्यताको विकाससँगै मानिसमा आफ्नो वर्तमान अवस्था र भविष्यबारे जान्ने जिज्ञासा रहँदै आएको छ । सूर्यचन्द्रको गति, ग्रह, नक्षत्र र ऋतु परिवर्तनले मानव जीवनमा पार्ने प्रभावबारे प्राचीन समयदेखि अध्ययन हुँदै आएको पाइन्छ । यही अध्ययन, गणना र परम्परागत मान्यताबाट ज्योतिषशास्त्र विकसित भएको हो ।

पूर्वीय दर्शन र सनातन परम्परामा ज्योतिषलाई विशेष स्थान दिइएको छ । जन्म, विवाह, धार्मिक अनुष्ठान, गृहप्रवेश र पर्वको समय निर्धारणमा यसको प्रयोग हुन्छ । नेपाली समाजमा जन्मकुण्डली, राशिफल, ग्रहदशा, साइत र पञ्चांग हेर्ने चलन छ । आधुनिक विज्ञानको विकाससँगै यसको विश्वसनीयता र वैज्ञानिक आधारबारे प्रश्न उठेका छन् ।

ऐतिहासिक पृष्ठभूमि

ज्योतिषशास्त्रको इतिहास प्राचीन सभ्यतासँग जोडिएको छ । वैदिक परम्परामा यसलाई वेदका ६ वटा अंगमध्ये एक मानिएको छ । शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष वेदांग हुन् । यज्ञ तथा अनुष्ठानको समय निर्धारण गर्न यसको प्रयोग हुन्थ्यो । नेपालमा पनि पर्व, विवाह, व्रतबन्ध र गृहप्रवेशमा तिथि, नक्षत्र तथा साइत हेर्ने परम्परा छ ।

यसका माध्यमबाट समय गणना, पात्रो निर्माण र खगोलीय घटनाको अभिलेख राख्ने अभ्यास पनि विकसित भयो । त्यसैले ज्योतिषको इतिहास अध्ययन गर्दा समाजको ज्ञान, गणना पद्धति र जीवनबारे जानकारी प्राप्त गर्न सकिन्छ ।


ज्योतिष र खगोल विज्ञान

खगोल विज्ञानले ब्रह्माण्ड, ग्रह, उपग्रह, तारा र अन्य खगोलीय पिण्डको वैज्ञानिक अध्ययन गर्छ । गणित, भौतिकशास्त्र, अवलोकन र प्रयोगका आधारमा यसले ब्रह्माण्डका घटनाको व्याख्या गर्छ ।

ज्योतिषशास्त्रले भने ग्रह, राशि, नक्षत्र र मानव जीवनबीच सम्बन्ध रहेको मान्यता राख्छ । जन्मसमयको ग्रहस्थिति हेरेर व्यक्तिको स्वभाव र भविष्यका सम्भावित घटनाबारे व्याख्या गरिन्छ । यी विषयको ऐतिहासिक सम्बन्ध भए पनि प्रमाणिकताका दृष्टिले फरक छन् । खगोल विज्ञान अनुसन्धानबाट स्थापित छ । तर ज्योतिषीय भविष्यवाणीले जीवनका घटना विश्वसनीय रूपमा पूर्वानुमान गर्छ भन्ने दाबी पर्याप्त वैज्ञानिक प्रमाणबाट पुष्टि भएको छैन ।

ग्रह, राशि र जन्मकुण्डली

वैदिक ज्योतिषमा ग्रह, राशि, नक्षत्र र जन्मकुण्डलीलाई आधार मानिन्छ । परम्परागत मान्यताअनुसार सूर्य, चन्द्रमा, मंगल, बुध, बृहस्पति, शुक्र, शनि, राहु र केतुलाई नवग्रह भनिन्छ । जन्ममिति, समय र स्थानका आधारमा ग्रहस्थिति



गणना गरी कुण्डली तयार गरिन्छ । बाह्र राशि र भावका आधारमा शिक्षा, स्वास्थ्य, विवाह, व्यवसाय, आर्थिक अवस्था तथा पारिवारिक सम्बन्धको व्याख्या गरिन्छ । ग्रहदशा, अन्तर्दशा र गोचरलाई पनि भविष्य बुझ्ने आधार मानिन्छ । यी परम्परागत मान्यता हुन्, प्रमाणित वैज्ञानिक तथ्य होइनन् ।

आधुनिक समाजमा आकर्षण

विज्ञान र प्रविधिको युगमा पनि ज्योतिषप्रतिको आकर्षण घटेको छैन । डिजिटल माध्यमले यसको पहुँच बढाएका छन् । मोबाइल एप, वेबसाइट र अनलाइन परामर्शबाट राशिफल तथा जन्मकुण्डलीसम्बन्धी जानकारी पाइन्छ । भविष्य, रोजगारी, विवाह र आर्थिक अवस्थाबारे जान्ने उत्सुकताले यसको लोकप्रियता कायम छ । अनिश्चितता, बेरोजगारी र आर्थिक दबाबले पनि मानिसलाई भविष्यप्रति चासो राख्न प्रेरित गर्छ । महत्त्वपूर्ण निर्णयअघि साइत र कुण्डली मिलान हेर्ने चलन अझै बलियो छ । तर आकर्षण बढ्नु र दाबी वैज्ञानिक रूपमा सही हुनु एउटै कुरा होइन ।

धर्म, कर्म र भाग्य

पूर्वीय दर्शनमा धर्म, कर्म र भाग्यलाई महत्त्वपूर्ण पक्ष मानिन्छ । मानिसको कर्म र व्यवहारले जीवनको दिशा निर्धारण गर्छ भन्ने मान्यता छ । ज्योतिषीय परम्परामा ग्रहदशाका आधारमा अनुकूल तथा प्रतिकूल समयको व्याख्या गरिन्छ ।

जीवनका सबै घटनाको जिम्मेवारी ग्रहदशालाई दिनु उचित हुँदैन । शिक्षा, परिश्रम, सीप, निर्णय क्षमता र अवसरले पनि भूमिका खेल्छन् । भाग्यमा विश्वास गरे पनि कर्मबाट विमुख हुनु हुँदैन । भगवद्गीताले कर्तव्य र कर्मको महत्त्वमा जोड दिएको छ । ज्योतिषप्रतिको विश्वासले मानिसलाई नैतिक जिम्मेवारीबाट टाढा लैजानु हुँदैन ।

ज्योतिषका नाममा व्यापार

ज्योतिषको लोकप्रियतासँगै विकृति पनि देखिएका छन् । केही व्यक्तिले मानिसको डर र असुरक्षालाई आधार बनाएर महँगा पूजा, ग्रहशान्ति, रत्न तथा तावीजको व्यापार गर्छन् । ग्रहदशाको डर देखाएर रकम खर्च गर्न बाध्य पार्ने वा पैसा खर्च गरे सबै समस्या समाधान हुने दाबी गर्नु गैरजिम्मेवार हो ।

यस्ता गतिविधिले आर्थिक तथा मानसिक शोषणको जोखिम बढाउँछन् । धार्मिक आस्था व्यक्तिगत स्वतन्त्रता हो । मानिसले आफ्नो विश्वासअनुसार कर्मकाण्ड गर्न सक्छ, तर डर र भ्रम सिर्जना गरेर लाभ लिनु उचित होइन । ज्योतिषीय परामर्शमा नैतिकता, पारदर्शिता र सामाजिक उत्तरदायित्व आवश्यक हुन्छ ।

वैज्ञानिक परीक्षण र जिम्मेवार अभ्यास

कुनै पनि सिद्धान्तको विश्वसनीयता प्रमाण र अनुसन्धानबाट मूल्यांकन गरिन्छ । ज्योतिषका भविष्यवाणीसम्बन्धी दाबीलाई पनि वैज्ञानिक विधिबाट परीक्षण गर्नुपर्छ । जन्मकुण्डलीका आधारमा भविष्य थाहा पाउन सकिन्छ भन्ने दाबी जाँच निष्पक्ष मूल्यांकन, दोहोऱ्याउन सकिने परिणाम र तथ्यांकीय विश्लेषण आवश्यक हुन्छ ।

ज्योतिषीय भविष्यवाणीले संयोगभन्दा बढी विश्वसनीय रूपमा व्यक्तिगत भविष्य बताउँछ भन्ने पर्याप्त वैज्ञानिक प्रमाण स्थापित भएको छैन । तर यसले यसको ऐतिहासिक र सांस्कृतिक महत्त्व अस्वीकार गर्दैन । यसको गणितीय तथा खगोलीय इतिहासको अनुसन्धानले प्राचीन ज्ञान बुझ्न सहयोग गर्छ ।

कृत्रिम बुद्धिमत्ता, मोबाइल एप र डिजिटल पञ्चांगले ज्योतिषसम्बन्धी जानकारी सहज बनाएका छन् । तर प्रविधिले वैज्ञानिक प्रमाणिकता स्थापित गर्दैन । अप्रमाणित भविष्यवाणी र भ्रमपूर्ण विज्ञापनप्रति सचेत रहनुपर्छ ।

ज्योतिषशास्त्र प्राचीन सभ्यता, धार्मिक परम्परा र सांस्कृतिक अभ्याससँग जोडिएको छ । नेपाली समाजमा यसको प्रभाव कायम छ । तर कुनै परम्परालाई प्रश्नभन्दा माथि राख्नु हुँदैन । विश्वासको सम्मान गर्दै भ्रम र शोषणलाई अस्वीकार गर्नुपर्छ । विज्ञानले प्रमाण खोज्छ, धर्मले आस्था र दर्शनले जीवनबारे प्रश्न उठाउँछ ।

मानिसको भविष्य ग्रहदशा वा जन्मकुण्डलीले मात्र निर्धारण गर्दैन । शिक्षा, मेहनत, विवेक र सकारात्मक कर्मलाई प्राथमिकता दिनुपर्छ । प्राचीन ज्ञानको संरक्षण, आधुनिक विज्ञानको सम्मान र अन्धविश्वासबाट मुक्ति नै ज्योतिषशास्त्रलाई सान्दर्भिक बनाउने बाटो हो ।

(त्रिवि व्यवस्थापन संकायअन्तर्गत स्नातकोत्तर तिवारी ज्योतिषशास्त्रकी ज्ञाता हुन् ।)

इतिहासको पाना

● सन्तोष खडेरी

प्रहरी र सेना दुवैका प्रमुख बनेका तोरणशमशेर



नेपाली सेना र नेपाल प्रहरी दुवैको सर्वोच्च नेतृत्व सम्हाल्ने एक मात्र व्यक्ति तोरणशमशेर जबरा हुन् । उनी तीन दिन नेपाल प्रहरीको महानिरीक्षक रहेका थिए ।

जनरल तोरणशमशेर जबरा राणा प्रधानमन्त्री वीरशमशेरका नाति तथा उनका छोरा कमान्डिङ कर्णेल इन्द्रशमशेरका सन्तान हुन् । वीरशमशेरकी भित्रेनी गुलाफपडीबाट जन्मिएका इन्द्रशमशेर रोलमा नपरेकाले जर्नेल हुन पाएनन् ।

२००७ सालमा नेपाली सेनामा कर्णेल रहेका तोरणशमशेर राणा शासनविरुद्ध सेनाभित्र विद्रोह गराउने कांग्रेसको योजनामा गोप्य रूपमा संलग्न रहेको आरोपमा पक्राउ परेका थिए । उनलाई सिंहदरबार गारतमा थुनिएको थियो ।

कर्णेल भरतशमशेरले गोर्खा दलमार्फत उपद्रो मच्चाएपछि तत्कालीन सरकारले २००७ चैत २८ गते तोरणशमशेरलाई इन्स्पेक्टर जनरल अफ पुलिस (आइजिपी) नियुक्त गऱ्यो । उनको नियुक्तिपछि गोर्खादलले सरकारविरुद्ध ठुलो प्रदर्शन गर्ने संकेत पाएपछि सरकारले सार्वजनिक सुरक्षा ऐनअन्तर्गत भरतशमशेर र रणधीर सुब्बालगायतलाई पक्राउ गर्ने आदेश दियो ।

सरकारको आदेशअनुसार तोरणशमशेरले तत्काल कारबाही अघि बढाए । चैत ३० गते बबरमहलबाट भरतशमशेरलाई पक्राउ गरियो । उनको गिरफ्तारीको विरोधमा समर्थकले सोही दिन त्रिपुरेश्वर गेस्ट हाउसमा विपी कोइरालामाथि सांघातिक आक्रमण गरे ।

त्यस घटनाको भोलिपल्ट बसेको बैठकले तोरणशमशेरलाई दुई तह बढुवा गरी नेपाली सेनाको लेफ्टिनेन्ट जनरल नियुक्त गऱ्यो । उनी प्रहरी प्रमुखबाट हटेपछि उनको स्थानमा नरशमशेर जबरा नयाँ आइजिपी नियुक्त भए ।

पछि २०१३ देखि २०१७ सालसम्म तोरणशमशेर नेपाली सेनाको प्रधानसेनापति बने । यसरी छोटो समय नेपाल प्रहरीको नेतृत्व गरेका उनी नेपाली सेनाको सर्वोच्च पदमा समेत पुग्ने दुर्लभ व्यक्ति बने ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

पर्सामा ७० हजारलाई भिटामिन 'ए' र ६० हजार ६ सयलाई जुकाको औषधि खुवाइयो

लालबाबु बानियाँ/मध्यान्ह
पर्सा, १९ कात्तिक



राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत पर्सा जिल्लामा दुई दिनमा ७० हजार बालबालिकालाई भिटामिन 'ए' र ६० हजार ६ सय बालबालिकालाई जुकाको औषधि खुवाइएको छ। जनस्वास्थ्य कार्यालय पर्साका पोषण कार्यक्रम प्रमुख अनिल मिश्राका अनुसार जिल्लाभरि सञ्चालित अभियानमा उक्त संख्यामा बालबालिकाले भिटामिन 'ए' तथा जुकाको औषधि सेवन गरेका हुन्।

सरकारले राष्ट्रिय कार्यक्रमअन्तर्गत ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन 'ए' र १२ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई जुकाको औषधि खुवाउँदै आएको छ। पर्सा जिल्लामा यस वर्ष भिटामिन 'ए'तर्फ ८० हजार र जुकाको औषधितर्फ ७२ हजार १०० बालबालिकालाई औषधि खुवाउने लक्ष्य राखिएको थियो।

जिल्लाका १४ वटै पालिकामा सञ्चालन भएको अभियानको जनस्वास्थ्य कार्यालय पर्सा तथा स्थानीय स्वास्थ्य संस्थाका प्रमुख र स्वास्थ्यकर्मीले अनुगमन गरेका थिए। पोषण कार्यक्रम प्रमुख अनिल मिश्रासहित पोषण अधिकृत रानी पण्डित, सुनील साह, विजय साह, जयमोद ठाकुर, मीरा यादव र मोहित जैसवालले विभिन्न पालिकामा पुगेर कार्यक्रमको अनुगमन गरेका हुन्।

पर्सा जिल्लाका छिपहरमाई, जगरनाथपुर, ठोरी, पोखरिया, जिराभवानी, कालिकामाई, सखुवाप्रसौनी, पटेर्वासुगौली, बहुदरमाई, पर्सागढी, पकाहामैनपुर, धोबिनी, बिन्दवासिनी तथा वीरगन्ज महानगरपालिकामा अभियान सञ्चालन गरिएको थियो।

यसअघि पहिलो चरणको भिटामिन 'ए' कार्यक्रम हरेक वर्ष कात्तिक २ र ३ गते सञ्चालन हुँदै आएको थियो। तर, यस वर्ष दसैंको सार्वजनिक बिदाका कारण मिति परिवर्तन गरी कात्तिक १७ र १८ गते कार्यक्रम सञ्चालन गरिएको हो। नेपाल सरकारले बालबालिकाको स्वास्थ्य तथा पोषण सुधार गर्ने उद्देश्यले हरेक वर्ष दुई चरणमा राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आएको छ। पहिलो चरण कात्तिकमा र दोस्रो चरण वैशाख ६ र ७ गते सञ्चालन हुने गरेको छ।

मिश्राले अभियान सफल बनाउन सहयोग गर्ने अभिभावकप्रति धन्यवाद व्यक्त गर्दै राष्ट्रिय अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीलाई पनि आभार व्यक्त गरेका छन्। उनले अभियानका क्रममा छुटेका बालबालिकालाई समेत औषधि खुवाउने व्यवस्था मिलाइएको जानकारी दिए।

सप्तरीमा ठगी तथा आपराधिक विश्वासघातको आरोपमा दुईजना पक्राउ



पिन्टु यादव/मध्यान्ह
सप्तरी, १९ कात्तिक

सप्तरी प्रहरीले ठगी तथा आपराधिक विश्वासघातको आरोपमा दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा तिलाठी कोइलाडी गाउँपालिका-७, बभनगामाका ५२ वर्षीय हनुमानी भन्ने रामबहादुर रजकर ३४ वर्षीय गुन्जेश सिंह रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार उनीहरूले उदयपुरका एक व्यक्तिलाई लगानी गरेको रकम दोब्बर बनाइदिने प्रलोभन देखाएर ५ लाख रुपैयाँ ठगी गरेका थिए। त्यसपछि थप १ लाख रुपैयाँ माग गर्दै रामबहादुरले पीडितलाई आफ्नो घरमा बोलाई मोबाइल खोसेर सम्पर्कविहीन बनाएको आरोप छ।

घटनाबारे जानकारी पाएपछि प्रहरीले उनीहरूको घरमा छापा मारेर नगद १ लाख रुपैयाँसहित दुवै जनालाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार रजकमाथि यसअघि पनि ठगी तथा आपराधिक कसुरसम्बन्धी दर्जनौं जाहेरी परेका छन्। उनी यसअघि धरौटीमा रिहा भएका थिए। धरौटीमा छुटेपछि पुनः ठगी कार्यमा संलग्न भएको खुलेको प्रहरीले जनाएको छ।

पक्राउ परेका दुवैजनाविरुद्ध बुधबार सप्तरी जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

कतारमा रोजगारको अवसर

कम्पनी : Dyna Trust Trading And Contracting and Services पूर्व स्वीकृत मिति : २०८३/०७/१९
शहर : Doha चलानी नं.: ६०२६३१७ LT. No.: 350096

दि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Admin Supervisor	2	2	स्नातक उत्तीर्ण	2500	१,०८,०५०	कम्पनीय नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनीय नियम अनुसार	छ	२ वर्ष	
2.	Counter Sales Girl	0	1		1300	५४,१०५							
3.	Administration Manager	1	0		5700	२,३७,२३५							
4.	Represantative	1	0		2200	९१,५६५							
5.	Account Female	0	1		3600	१,४९,८३०							

स्वदेशमा बस्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा भरिने स्याई जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/ खुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८३ कार्तिक २७ गते (13 Nov. 2026) मा हुनेछ ।

White Gloves International Pvt. Ltd
P.O.Box No.: 9688, Samakhusi, Kathmandu , Tel.: 01-4964953
Govt. Lic. No. 1060/073/074
Mob.: 9860485800 (Bhawani Prasad Upadhyay) Email: whitegloves1060@gmail.com

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०५/२४ मा दर्ता भएको दर्ता नं. १७४१५९ को **एशियन पार्टी प्यालेस एण्ड रेष्टुरेण्ट प्रा.लि.** को मिति २०८३/०७/१७ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: शंकर खनाल, इजाजत पत्र नं. ४७२
फोन नं. ५८५१११६२०३

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८३/०७/२०

यस कम्पनीको मिति २०८३।०६।२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार सावित्रक कम्पनी **न्यरो ल्याब्स प्रा.लि. (दर्ता नं. ३८९८४१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।२८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **इनोभिया ल्याब्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

युएईमा रोजगार

कम्पनी : FURSAN SECURITY SERVICES L.L.C पूर्व स्वीकृत मिति: २०८३/०७/१५ चलानी नं.: ६०२६३१०२ शहर: UAE LT. No.: 350021

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Male Security Guard	200	0	स. कामना दक्ष	2000	८२३००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८३ कार्तिक २७ गते (13 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा भरिने स्याई जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/ खुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २,४८६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि.शुल्क

Lic. No: 1728/081/082
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-09, Kathmandu, Nepal, Tel: 015922931/015922932/015922934
Email: reception@reliablemanpowernepal.com, Website: www.reliablemanpowernepal.com

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर

Hardcopy बोलपत्र आहबान सूचना

प्रकाशन मिति २०८३/०७/२० (November 6, 2026)

यस गाउँपालिकाको तर्पासिल बमोजिमको सार्वजनिक निर्माण कार्य हार्डकपि खरिद प्रणाली मार्फत गर्नुपर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनि/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	योजनाको नाम	ठेक्का प्रक्रिया	बोलपत्र मुल्य र मान्य अबधि (90 days)	धरौटी रकम र मान्य अबधि (120 days)	लागत रकम मु.अ कर र पीएस बाहेक
LRM/UDA/W/NCB/01/2083-84	Rautamai-1 Majhkharka-limchungbung Gaunpalika 3 Baraha sadak Nirman	NCB	Nrs 3,000.00	Rs. 4,60,000.00	Rs. 1,60,97,629.88
LRM/UDA/W/NCB/02/2083-84	Chanaute-Laikughat-Kunahi-Kumaltar Antarpalika Jodne sadak	NCB	Nrs 3,000.00	Rs. 3,60,000.00	Rs. 1,15,19,753.19
LRM/UDA/W/NCB/03/2083-84	Rajkhau-laaku Balamtah-Tamlichha Baraha Sadak Nirman	NCB	Nrs 3,000.00	Rs. 2,80,000.00	Rs. 87,54,719.11
LRM/UDA/W/NCB/04/2083-84	Jaante Balamtah Tamlichha Baaukha Bansbote Sadak Nirman	NCB	Nrs 3,000.00	Rs. 2,80,000.00	Rs. 88,00,276.05

बोलपत्र पेश गर्ने तालिका चेक बैंक विवरण

बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय	बोलपत्र दाखिल गर्ने अन्तिम मिति	बोलपत्र खोल्ने मिति	खाता विवरण (Nepal SBI Bank Limited)	
			बोलपत्रको लागि	धरौटि लागि
२०८३/०८/१० November 26th 2026 कार्यलय समयसम्म	२०८३/०८/११ November 27th 2026 दिनको १२:०० सम्म (12:00 PM Noon)	२०८३/०८/११ November 27th 2026 दिनको २:०० सम्म (14:00 Pm noon)	Name of Account: GA.1.1, Aantarik Rajashwa Khata A/C: 43295241207004 (Bid Doc Price)	Name of Account: Dharauti Khata A/C: 43225240600003

– बोलपत्रदाताहरुले थप जानकारी लिम्चुङबुङ गाउँपालिकाको कार्यालयबाट लिन सक्नुहुने छ, ९८१२३७०४५५।
– अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारको अन्य प्रचलित कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/१० मा दर्ता भएको **दर्ता नं. ६२५५१५/०७८/०७५** को **मेडिटेक मार्केटिङ प्रा. लि.** को मिति २०८२/०७/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटर: चक्र बहादुर थापा, इजाजत पत्र नं. ४५५,
लिक्वीडेटरको ठेगाना : का.जि.का.म.न.पा. वडा नं. २५, सम्पर्क नं : ५८५१०८२१५५

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०५/२८ मा दर्ता भएको **प्रा.लि नं. २९९००८** को **रोयल जिनियस एजुकेशनल कन्सलटेन्सी प्रा.लि.** को मिति २०८३/०६/२५ गते मा सम्पन्न शेयरधनीको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबै को जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: सुदिश उप्रेती, इजाजत पत्र नं. ६२५
फोन नं. ५८६०४२५२१२

धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०८३/०७/२० गते

तपसिलमा उल्लेखित ऋणी संस्थाले **सावित्रक कालिमाटी (हाल कलंकी)** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा तरताकेता साथै मिति २०८१/१०/०७ गते आर्थिक दैनिक राष्ट्रिय दैनिकमा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८३/०६/०२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितो लिलाम गर्ने बारे ३५ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको सावाँ, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस बैंकको कर्जा असुली कार्यविधि एवं प्रचलित कानून बमोजिम धितो सुरक्षण सम्पत्ती यस बैंक आफैले गैर बैंकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धीत सबैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा सावित्रकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धीत ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गराईन्छ।

ऋणी संस्थाको नाम : ग्रीन भ्याली बचत तथा ऋण सहकारी संस्था लिमिटेड।
रजिष्टर्ड ठेगाना : का.म.न.पा - १४, काठमाडौं। **दर्ता नं:- २६६७/०६६/०६७**

कर्जा उपभोग गर्दाको संचालक तथा जमानीकर्ताको विवरण

१) नाम : ज्ञानेन्द्र कायस्थ (अध्यक्ष जमानीकर्ता) बुवा :लक्ष्मी प्रसाद कायस्थ बाजे : ज्ञान बहादुर कायस्थ ना प्र नं. : १४८१० ठेगाना : का.म.न.पा-१२, काठमाडौं	**५) नाम : शैली मानन्धर (सदस्य जमानीकर्ता)** बाबु : राम नारायण मानन्धर बाजे : सत्य नारायण मानन्धर ना.प्र.नं : १५८६७ ठेगाना : काठमाडौं-१३, काठमाडौं
२) नाम : रामेश्वर कुमार कायष्ट (उपाध्यक्ष जमानीकर्ता) बुवा : लक्ष्मी प्रसाद कायस्थ बाजे : ज्ञान बहादुर कायस्ठ ना.प्र.नं : २३९३-०४०-४१ ठेगाना : भक्तपुर - १५, भक्तपुर	**६) नाम : लक्ष्मी नारायण महर्जन (सदस्य जमानीकर्ता)** बाबु : सतु महर्जन बाजे : ना.प्र.नं: २७८३७३/२९३८ ठेगाना : का.म.न.पा १२, काठमाडौं
३) नाम : सन्जु श्रेष्ठ (सचिव जमानिकर्ता) बाबु : सुन्दर प्रसाद श्रेष्ठ बाजे : सिद्धि श्रेष्ठ ना.प्र.नं: ०६/३२७५क/१८४६५/०४४ ठेगाना : धरान-३, सुनसरी	**७) नाम : राजेन्द्र अवाल (संचालक जमानीकर्ता)** बाबु : कान्छा अवाल बाजे : नन्दलाल अवाल ना.प्र.नं : ३६२२ ठेगाना : भक्तपुर - ४, भक्तपुर
४) नाम : नरेन्द्र कुमार कायस्ठ (कोषाध्यक्ष जमानिकर्ता) बाबु : लक्ष्मी प्रसाद कायस्ठ बाजे : ज्ञान बहादुर कायस्ठ ना.प्र.नं : ७७५ ठेगाना : भक्तपुर-१५, भक्तपुर	

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :

१. श्री **ग्रीन भ्याली बचत तथा ऋण सहकरी संस्था** लिमिटेडको नाममा भूमि प्रशासन कार्यालय लगनखेल ललितपुरमा दर्ता श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला सुनाकोठी वडा नं. ३ को कित्ता नं. **१७२** को क्षेत्रफल क्रमश **०-५-१-०** जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
२. श्री **ग्रीन भ्याली बचत तथा ऋण सहकरी संस्था** लिमिटेडको नाममा भूमि प्रशासन कार्यालय लगनखेल ललितपुरमा दर्ता श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला किटिनी वडा नं. २ को कित्ता नं. **५०३ र ४७६** को क्षेत्रफल क्रमश **०-९-२-० र ०-४-२-०** जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौंमा रहेको **खाता नं. ००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कलंकी शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पुँजीगत लाभ कर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ।
(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने ठुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।
(७) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणी, धितोधनीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ। धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन।
(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय कलंकीमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ। बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोधनीहरुको रोहवरमा खोलिने छ। उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थीतीको लागि जानकारी गराईन्छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
(१२) सुरक्षणमा रहेको धितोहरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

National/राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय : पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web.: www. ncbl.coop

विवादबीच प्रदर्शनमा आउँदै 'पाँच पाण्डव'



काठमाडौं/मस– चलचित्र 'पाँच पाण्डव' पूर्वनिर्धारित मितिमै प्रदर्शन हुने भएको छ। चलचित्रको प्रदर्शन रोकिएको भन्ने खबरहरू आइरहेका बेला निर्माण टिमले पूर्वनिर्धारित मिति अर्थात् शुक्रबारबाटै चलचित्र प्रदर्शन हुने स्पष्ट पारेको हो।

'हाम्रो चलचित्र पाँच पाण्डव पूर्वनिर्धारित मिति अर्थात् कात्तिक २० गतेदेखि नै देशभरका सम्पूर्ण हलहरूमा यथावत् प्रदर्शन हुने जानकारी गराउन चाहन्छौं,' चलचित्र पाँच पाण्डवको निर्माण टिमले विज्ञप्ति जारी गर्दै भनेको छ।

निर्माण टिमले सबै धर्मप्रति उच्च सम्मान रहेको र चलचित्र 'पाँच पाण्डव'ले कुनै पनि धर्म, धार्मिक आस्था वा धार्मिक स्थलप्रति चोट पुऱ्याउने, अपमान गर्ने वा अवहेलना गर्ने उद्देश्य नराखेको पनि प्रस्ट पारेको छ।

'हामी सबै धर्म, संस्कृति र आस्थाको सम्मान गर्दछौं,' विज्ञप्तिमा भनिएको छ, 'हाम्रो चलचित्रप्रति यहाँहरूले देखाउनुभएको माया, विश्वास, साथ र सद्भावप्रति हामी उच्च सम्मान व्यक्त गर्दछौं। आगामी दिनहरूमा पनि यहाँहरूको साथ, सहयोग र मायाको अपेक्षा राख्दछौं।'

चलचित्रको बुकिङ बुधबारबाट नै खुलिसकेको थियो। शुक्रबारबाट प्रदर्शनमा आउने चलचित्रलाई बसन्त निरौलाले निर्देशन गरेका छन्। 'पाँच पाण्डव'मा हरिवंश आचार्य, महेश त्रिपाठी, जितु नेपाल, विनोद न्यौपाने, आर्यन सिक्देल, सुशील सिटौला, इभा गिरीलगायत कलाकार मुख्य भूमिकामा छन्।

काली रानी फिल्मस्को ब्यानरमा निर्माण भइरहेको यस चलचित्रमा दीपाश्री निरौला, सरिता गिरी, विनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, सीता न्यौपाने, रितेश पौडेल (रितेशजंग खत्री)लगायतको पनि मुख्य भूमिका रहेको छ।

यो चलचित्रका प्रस्तुतकर्ता नवीन श्रेष्ठ हुन्। उनले यसअघि गतवर्ष 'लाज शरणम्' निर्माण गरेका थिए। चलचित्रको निर्मातामा काली रानी श्रेष्ठ छिन्।

'पाँच पाण्डव'मा कथा, पटकथा तथा संवाद सुशील पौडेलको रहेको छ। यो चलचित्र 'सोसल ड्रामा' भएको लेखक पौडेलले स्पष्ट पारेका छन्। उनका अनुसार चलचित्रले महाभारतका पाँच पाण्डवका चरित्र र बिम्बलाई प्रयोग गर्दै समकालीन नेपाली समाजको कथा प्रस्तुत गर्नेछ।

यो चलचित्रलाई श्याम तामाङले खिचेका छन्। चलचित्रमा सुप्रिम पराजुली सम्पादन तथा रङ्ग सम्पादन, सम्राट बस्नेत द्वन्द्व निर्देशन, गम्भीर विस्ट र विक्रम स्वाँरको कोरियोग्राफी, अर्जुन पोखरेलको संगीत, उत्तम न्यौपानेको साउन्ड डिजाइन, सुजिल कर्माचार्यको बिजिएम, पुकार धिमालको भिएफएक्स, रोहित राज गौतम एचओपी र विष्णु बुढाथोकी प्रोडक्सन म्यानेजर रहेका छन्।

चलचित्र 'पाँच पाण्डव'मा दर्शकले पूरै साउन्ड डल्बी एटमस साउन्ड अनुभव गर्न पाउने छन्। चलचित्रको डिजिटल पार्टनर ओएसआर डिजिटल रहेको छ। यो चलचित्रलाई रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्म्सले देशव्यापी वितरण गर्नेछ।

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौंको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८३।०७।२० गतेको मध्यान्ह राष्ट्रिय दैनिक)

